IMPERIAL Business College
IMPERIAL BUSINESS COLLEGE
Affiliated to Pokhara University
ADMISSION
NOW OPEN
BHCM
Bachelor of Healthcare Management
(Hospital Management)
BBA
Bachelor of Business Administration
01-4438293, 01-4419306
Hattisar, Kamaladi, Kathmandu

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय ‘क’ वर्ग
prateekdaily.com

नयाँ नेपाल निर्माणमा
महिला जागरण,
उद्यमशील महिला
आर्थिक रूपान्तरण ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ चैत ०६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २०३

## नारायणी अस्पतालका स्वास्थ्यकर्मीद्वारा जोखिम भत्ता माग

नितेश कर्ण, वीरगंज, ५ चैत/


नारायणी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरूले कोरोना सङ्क्रमणकालमा खटेबापत जोखिम भत्ताको माग गर्दै बिहीवार अस्पतालमा प्रदर्शन गरेका छन् । सरकारले कोरोना सङ्क्रमणको बेला खटेका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरूलाई जोखिम भत्ता दिने घोषणा गरे पनि सो अवधिमा खटेका चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीले जोखिम भत्ता नपाएको भन्दै आज नारायणी अस्पतालमा प्रदर्शन गरेका हुन् ।

गत साउनदेखि कात्तिकसम्मको जोखिम भत्ता दिनुपर्ने उनीहरूको माग थियो । अस्पतालका चिकित्सक डा उदयनारायण सिंहले अहिलेसम्म जोखिम भत्ता नपाएकोमा गुनासो व्यक्त गरे । उनले आफूलगायत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरू कोरोनाको जोखिममा खटेको तर अहिलेसम्म सोबापतको जोखिम भत्ता नपाएको गुनासो गरे । उनले जोखिम भत्ता अविलम्ब उपलब्ध गराउनुपर्ने अन्यथा कठोर कदम चाल्न बाध्य हुने चेतावनी दिए ।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय ठाकुरले आफूले पनि जोखिम भत्ता नपाएको र सो सम्बन्धमा प्रक्रिया अगाडि बढेको बताए । उनले अस्पताल विकास समितिका सदस्य



जोखिम भत्ता माग गर्दै डा उदयनारायण सिंहलगायत स्वास्थ्यकर्मीहरू ।



समितिका संयोजक सन्तोष पासवान र मेसु डा सञ्जय ठाकुर ।

सन्तोष पासवानको संयोजकत्वमा जोखिम भत्तासम्बन्धी समिति गठन भएको र सो समितिले प्रतिवेदन बुझाएपछि भत्ता उपलब्ध गराउने बताए । उनले कोरोनाकालको जोखिम भत्ता अस्पतालमा कार्यरत सबै चिकित्सक, स्वास्थ्यकर्मी, सफाइकर्मी र प्रशासनिक कर्मचारीले मागदाबी गरेको तर सरकारले जोखिममा खटेकालाई मात्र भत्ता दिने नीति बनाएकोले अहिलेसम्म ढिलो भएको बताए ।

जोखिम भत्ता समितिका संयोजक पासवानले आफूलाई यससम्बन्धी जिम्मेवारी १० दिनअगाडि दिइएको र सो सम्बन्धमा आज सरोकारवालाहरूसँग बैठक गरेकोमा यही मौका छोपी चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरूले प्रदर्शन गरेको बताए । उनले जोखिम भत्ता दिने कुरामा आफूहरू सकारात्मक भएको तर त्यतिखेर को को खटेका थिए भन्नेबारेमा यकीन तथ्याङ्क नभएकोले सो तथ्याङ्क तयार पारेर सोहीअनुरूप भत्ता वितरणको तयारी भइरहेको बताए ।

नारायणी अस्पतालमा विकास समितिको समेत गरी करीब साढे तीन सय चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीहरू कार्यरत छन् । तिनीहरूमध्ये केही मात्र कोरोनाकालमा खटेका थिए तर सो अवधिमा कति कर्मचारी खटे र कतिलाई जोखिम भत्ता दिने भन्ने विषयमा अस्पतालसँग कुनै तथ्याङ्क छैन । अहिले समिति बनाएर सो बेला खटेकाहरूको तथ्याङ्क सङ्कलन गरिनुले पनि अस्पतालमा हुने गरेको लापरवाहीलाई प्रस्ट्याउँछ ।

## सवारी आवागमनसहित १३ वटा नाका खुला गर्न सिफारिश

प्रस, वीरगंज, ५ चैत/

केन्द्रीय कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)ले मन्त्रिपरिषद्लाई



मन्त्रिपरिषद्मा बिहीवार बसेको सिसिएमसीको बैठक । तस्वीरः सौजन्य

सवारी आवागमनसहित १३ वटा नाका खोल्न सिफारिश गरेको छ ।

मन्त्रिपरिषद्मा बिहीवार बसेको सिसिएमसीको बैठकले निर्णय गर्दै १३ वटा नाका भएर स्वास्थ्यको उचित मापदण्ड पूरा गर्दै नेपाल प्रवेशमा नाका सहज पारेको हो । सिसिएमसीले गरेको सिफारिशमा ७२ घण्टाअगावैको पिसिआर रिपोर्ट नेगेटिभ आएको कागज लिएर आउनुपर्ने तथा भन्सार कटाएर नेपाल प्रवेश गर्न खोज्ने भारतीय गाडीलाई पनि अनुमति दिने निर्णय गरिएको केन्द्रीय कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रका सदस्य–सचिव खगराज बरालले जानकारी गराए । कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि गत चैत ११ गतेदेखि नेपालमा शुरू भएको लकडाउनसँगै नाकाहरू बन्द गरिएका थिए भने यसले गर्दा कोरोना महामारी नियन्त्रणमा सहयोग पुगेको थियो तर उद्योग–व्यवसायको दृष्टिकोणले विशेषगरी होटल तथा पर्यटन व्यवसायीहरू ठूलो मारमा परेका थिए । जसले गर्दा बेला–बेलामा उद्योगी–व्यवसायीहरूले नाका खोल्न आवाज उठाइरहेका थिए ।

यसअघि, सिसिएमसीको निर्णयको आधारमा भारत र चीनसँग टाँसिएका तीसवटा नाका सहज बनाइएको थियो भने सवारी प्रवेशको विषयमा उक्त निर्णयले कुनै व्याख्या नगर्दा गृह मन्त्रालयले भारतीय सवारीसाधनलाई रोकेपछि भारतीय पर्यटकहरू आउन सकेका थिएनन् । त्यस कारण गाडीसहित नाका खोल्नुपर्ने माग गर्दै बुधवार वीरगंजको एक टोलीले सिसिएमसीका संयोजक एवं उपप्रधानमन्त्री ईश्वर पोखरेल र पर्यटनमन्त्री भानुभक्त ढकाललाई ज्ञापनपत्र बुझाएको थियो ।

## समन्वयविना विपत् व्यवस्थापन असम्भव –नगरप्रमुख सरावगी

प्रस, वीरगंज, ५ चैत/

सङ्घ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारबीच एकापसमा समन्वय नभए विपत् व्यवस्थापन कार्य सम्भव




तस्वीर : वीमनपा

नहुने वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले बताएका छन् ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा आयोजित ‘विषम जलवायु परिवर्तन र स्वास्थ्य प्रभाव’ विषयमा बिहीवार सिमरामा आयोजित प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा नगरप्रमुख सरावगीले तीनवटै तहको सरकारबीच सहकार्य हुनुपर्नेमा जोड दिए । उनले कोभिड महामारीमा स्थानीय सरकारले हैसियतभन्दा बढी क्षमताले कार्य गरेको बताए । सो कार्य गर्दा तहगत कार्यक्षेत्र र अधिकार स्पष्ट नभए व्यवस्थापनमा चुनौती आउने उनले बताए । उनले विपत् जोखिम न्यूनीकरण र व्यवस्थापनको योजना नै कमजोर रहेको र तीन तहका सरकारको भूमिका अन्योल बनाइएकोले विपत् व्यवस्थापनमा समस्या आएको बताए । उनले जलवायु परिवर्तनबाट हुने विपत्लाई न्यूनीकरण गर्न निजी वनलाई कृषि सरह सुविधा दिनुपर्नेमा जोड दिए । निजी वनलाई कृषि सरह सुविधा दिए बाँझो जमीनमा बिरुवा रोपेर जङ्गल बनाउन सकिने बताए । वीरगंज–पथलैया औद्योगिक कोरिडोरका कारखानाबाट निस्कने विभिन्न प्रदूषणको जोखिममा यस क्षेत्रका नागरिक भएकाले यहाँबाट सङ्कलन हुने राजस्वको बढी मात्रा केन्द्र

(बाँकी अन्तिम पातामा)

## घूससहित सिमराका प्रमुख नायब सुब्बा पक्राउ

प्रस, वीरगंज, ५ चैत/

बारा मालपोत कार्यालय सिमराका प्रमुख नायब सुब्बा घूससहित पक्राउ परेका छन् ।

सेवाग्राहीसँग ६ लाख रुपैयाँ घूस लिइरहेको अवस्थामा नासु मनोजकुमार खनाल र लेखापढी व्यवसायी बद्रीप्रसाद बडाललाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको हो ।

सेवाग्राहीले खरीद गर्न लागेको जग्गा श्रम विभागबाट रोक्का छ भनेर सर्जमिन

(बाँकी अन्तिम पातामा)

## किर्ते नागरिकता बनाएको आरोपमा एकजना पक्राउ

बलिराम शुक्ला, बिरुवागुठी, ५ चैत/

पर्सागढी नगरपालिका वडा नं ३ औरैया निवासी वर्ष २१ का सुजित थापामगरलाई प्रहरीले किर्ते जालसाजी नागरिकता बनाएको भनी बुधवार पक्राउ गरेको छ ।

थापाले दुई महीनाअगाडि पर्सागढी नगरपालिका–३ निवासी सन्तबहादुर थापाको नामबाट वडाको सिफारिशमा जिल्ला प्रशासन कार्यालय पर्साबाट प्रतिलिपि नागरिकता निकालेका थिए । सुजित थापामगरले प्रतिलिपि नागरिकता पाउँ भनी सन्तबहादुर थापाको विवरण भरेर आफ्नो फोटो टाँसी वडा कार्यालयबाट सिफारिश लिएर प्रतिलिपि नागरिकता बनाएका थिए ।

पर्सागढी नगरपालिका वडा नं ३ का अध्यक्ष उद्धवबहादुर उप्रेतीले दुई महीनाअगाडि आफूलाई झुक्याइ प्रतिलिपि नागरिकता सिफारिश गराएको र अहिले अरूको विवरण भरेर सुजित थापामगरले आफ्नो फोटो टाँसी नागरिकता निकालेको सूचना थाहा भएपछि नागरिकतासहित थापालाई पक्राउ गर्न लगाइएको बताए ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायाब निरीक्षक ओमप्रकाश खनालका अनुसार सुजित थापामगरले अरूको विवरण भरेर आफ्नो फोटो टाँसी नागरिकताको प्रतिलिपि निकालेको सूचनाको आधारमा



पक्राउ परेका सुजित थापामगर ।

थापालाई निजको घरबाट पक्राउ गरी हिरासतमा राखी अनुसन्धान प्रक्रिया अगाडि बढाएको बताए ।

## वसन्त ऋतुमा ओरहा खाने चलनमा कमी

प्रस, सिम्रौनगढ, ५ चैत/

बाराको सिम्रौनगढ इलाकालगायत मधेसका कतिपय क्षेत्रमा यो महीना ओरहा खाने परिपाटीमा निकै कमी आएको छ ।

ओरहा खाने परिपाटी बारा, पर्सा, रौतहट, सर्लाहीलगायत थारू समुदायमा निकै प्रचलित रहेको र चार दशकपूर्व ओरहा गाउँ–गाउँमा सबैले बेलुकीको खाजाको रूपमा खाने गर्थे ।

ओरहा वर्षको एकचोटि फागुन–चैततिर खाने भएकोले यसतर्फ गाउँलेहरूको धेरै रुचि थियो ।

गाउँलेहरूले विभिन्न प्रकारका अपरिपक्व बिरुवाहरू खेतबाट ल्याइ आगोमा पोली ओरहा बनाउने गर्छन् । जसमा चना, केराउ, गहुँ, खेसारी, पुपरा आदिका बिरुवाको मिश्रण ओरहा वा बेग्लाबेग्लै ओरहा बनाउँछन् र बालकदेखि वृद्धले बडो रुचिले खान्छन् ।



केराउको ओरहा पोल्दै गरेकी सिम्रौनगढको महिला । तस्वीरः रामेश्वर मेहता

ओरहा बनाउने मुख्य समय अपराह्न चार बजेपछि हो, जुन बेला हावाको चाप कम हुन्छ र ओरहा राम्ररी पाक्छ । अनि बेलुकीको खाजाको रूपमा खान्छन् । यहाँसम्म कि ओरहा ताडीको साथ चखनाको रूपमा धेरै प्रचलित रहेको ताडीपारखीहरू बताउँछन् ।

फागुन–चैतको बेलुकीतिर गाउँभन्दा टाढा सरेह (खेत)को पूरै आकाश धूवाँमय हुने गरेको अमृतगंजका वृद्ध जलधारी मुखिया बिन बताउँछन् । तर हाल आधुनिक परिपाटीमा विभिन्न परिकारका तैयारी खाजा सामग्री रहेकाले ओरहा खाने प्रचलन हराउँदै छ । ओरहा बनाउन बढी समय लाग्ने, आगो लाग्ने डर, टिभी र मोबाइलमा व्यस्तता आदि कारणले ओरहाप्रति गाउँलेहरूको रुचि कम हुँदै गएको छ ।

मानिस हुनु भाग्यको कुरा हो तर मानवीय हुनु भनेको सौभाग्य हो ।

-विचारसार र सूक्तिहरू


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## घ्यू पचेन

'...लाई घ्यू पच्दैन' हाम्रा पुर्खाहरूले सुनाउँदै आएको उखान–टुक्कामा सत्यता छ । वर्षौंको अध्ययन तथा प्रयोग एवं अनुभवको आधारमा उखान–टुक्काहरू बनेका हुन्छन् । त्यसैले पनि अधिकांश उखान–टुक्का सत्यतामा आधारित हुन्छन् । 'घ्यू' शब्द नै सुन्दा राम्रो र मीठो लाग्छ । अति नै व्यावहारिक, सबैसँग नम्र, असल व्यवहार गर्ने व्यक्तिलाई 'कस्तो घ्यू मान्छे' भनेर प्रशंसा गरिन्छ । असल तथा पौष्टिक चिजबाट बन्ने भएकोले घ्यू राम्रो अनि लाभदायक भएको हो । तर यति लाभदायक वस्तु पनि कुकुरको लागि भने अफाप सिद्ध छ । कुकुरको पाचन प्रणालीको बनोट तथा प्राकृतिक स्वभावको कारण उसलाई घ्यू पच्दैन । सकारात्मक प्रभाव पर्नुपर्नेमा नकारात्मक असर पर्नु तथा उल्टो नतीजा दिनुलाई नपचेको मानिन्छ । हाम्रो मुलुकमा आज फेरि यो उखान चरितार्थ भएको छ ।

कम्युनिस्टहरूले बन्दूकको नालबाट सत्ता कब्जा गर्न सकिन्छ र सेनाविना सत्ता टिक्न सक्दैन भन्ने मान्यता राख्ने भएकाले उनीहरूले सेना र हतियारलाई प्राथमिकता दिन्छन् । मतपत्रबाट आएको कम्युनिस्ट सत्ता विश्वमा न्यून छन् । कम्युनिज्म व्यवस्था रहेका चीन, उत्तर कोरिया, क्युबालगायतका मुलुकमा कम्युनिस्ट पार्टी सशस्त्र विद्रोहबाट नै सत्तामा पुगेका हुन् । जनमतको विश्वास नै नगर्ने कम्युनिस्ट पार्टीलाई नेपाली मतदाताले अत्यधिक बहुमत दिएर सत्ताको तालाचाबी सुम्पिएका थिए, तर पचेन । हुनत हाम्रो मुलुकका कम्युनिस्टहरू समय अनुसार परिमार्जन हुँदै शान्तिपूर्ण प्रतिस्पर्धामा आएको र लोकतान्त्रिक प्रणालीलाई स्वीकार गरेको दाबी गर्छन् । वास्तविकता भने उनीहरूले भने जस्तो होइन । मार्क्स, लेलिन र माओको दर्शनले संसदीय व्यवस्थालाई बुर्जुवा व्यवस्था भनेको छ । बुर्जुवा व्यवस्थाको संसद्लाई 'फटाहाहरूको गफ गर्ने अखडा' संज्ञा दिएका छन् । अतः कम्युनिस्टहरूले संसद् भवनलाई 'खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने ठाउँ' भनेका हुन् । कम्युनिस्टहरू अन्तर्राष्ट्रिय सर्वहारावादी भएकाले हाम्रो मुलुकका कम्युनिस्टहरूले पनि त्यही दर्शन मान्ने हुन् । बाँकी त देखावा मात्रै हो । एमाले होस् या माओवादी वा अरूहरू, सशस्त्र युद्धबाट सम्भव नभएपछि मात्रै बाध्यतावश शान्तिपूर्ण बाटोमा आएका हुन् । अझै पनि "साम्यवादमा जानका लागि बुर्जुवा संसदीय बाटो प्रयोग मात्रै गरेका हौं" उनीहरू भनिरहेका छन् ।

विचार, प्रकृति र स्वभावले समेत नमिल्ने जनमतको भारी मतदाताले कम्युनिस्ट पार्टीलाई दिएको कारण अपच भएको हो । नकारात्मक प्रतिफल आज मुलुकवासीले भोक्दै छ । देश र जनताको कल्याण गरून् भनेर सत्तामा पुर्‍याएको पार्टी आफैं रोगी भएर मृत्यु शय्यामा पुगेपछि समस्या आउने नै भयो । 'नेकपा' नामको ठूलो पार्टीको अवसान भइसक्यो । नेकपा 'एमाले' र 'माओवादी केन्द्र' नामका छुट्टाछुट्टै पार्टीको अस्तित्व पनि धरापमा परेको छ । माओवादी केन्द्र पटक–पटक चोइटिएपछि अब उक्त नाम नै परिवर्तन गर्ने निर्णय भइसकेको छ । एमालेमा ओली समूह र नेपाल–खनाल समूह आगामी चुनावसम्म दुई टुक्रा हुने निश्चित भइसक्यो । फेरि पनि दुवैतर्फका नेताहरूले आफू एकताको पक्षमा छु भन्दै झोले कार्यकर्ताहरूलाई गुमराहमा पारिरहेका छन् । चतुर कार्यकर्ताले भने बिस्तारै बुझ्न थालिसके । यी सबै समस्याको मुख्य कारण जनमत र कुर्सी नै हो । आशा गरौं, कसलाई के पच्छ भन्ने कुरा यस घटनाबाट मतदाताले अवश्य नै बुझ्नेछन् ।

# क्षणिक सफलता त होइन ?

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**विप्लवको 'जनता के चाहन्छ' भन्ने विषयमा नयाँ फैसला गर्ने वातावरण निर्माण गर्नुपर्ने आशय पनि जनमत सङ्ग्रह नै हो भन्ने बुझ्न सकिन्छ । तसर्थ विप्लवले सहमति जनाएको शान्तिमार्गको यात्रा शर्तरहित छैन । यसलाई क्षणिक सफलता नै बुझ्नुपर्दछ ।**

राजनीतिमा शत्रुको शत्रुलाई स्वाभाविक मित्र ठान्ने मान्यता रहिआएको छ । प्रधानमन्त्री केपीशर्मा ओलीले गत वर्ष मधेस केन्द्रित राजनीतिक दलहरूका कट्टर आलोचक एवं विरोधी डा चन्द्रकान्त राउत नेतृत्वको 'स्वतन्त्र मधेस गठबन्धन'लाई शान्तिपूर्ण वार्तामार्फत राष्ट्रिय राजनीतिको मूलधारमा समाहित गराएर मधेसवादी दलहरूसित आफ्नो पुरानो हिसाब–किताब मात्रै बराबरी गरेनन्, कथित मधेसवादी राजनीतिको बेलुनमा नै सियो घोच्ने काम गरे । हालै उनले नेकपा माओवादी केन्द्रका नेता पुष्पकमल दाहाल (प्रचण्ड)का कट्टरविरोधी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको पार्टीलाई पनि राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउने प्रयास गरेका छन् तर ओली सरकारले हतारहतारमा गरेको यस शान्तिवार्ताको परिणाम दीर्घकालीनरूपमा सार्थक नै साबित हुने अपेक्षा गर्न सकिंदैन किनभने एकातिर डा सिके राउतले पनि आफ्नो पार्टी (जनमत पार्टी)को जनमत सङ्ग्रहको एजेन्डा जिउँदै रहेको तथा विप्लवले पनि वैज्ञानिक समाजवाद तथा संसदीय व्यवस्थाबारे जनमत सङ्ग्रह गर्नुपर्ने अडान छाडेका छैनन् । आफूलाई शान्तिका मसिहा तथा सफल राजनेता साबित गर्ने हतारमा भएका कुनै पनि सहमतिले समस्याको दीर्घकालीन समाधान दिन सक्दैन । नेत्रविक्रम चन्दले माओवादी पार्टीकै ब्यानरमुनि सशस्त्र सङ्घर्ष गर्नु भनेको २०६३ सालमा सम्पन्न भनिएको विस्तृत शान्ति सम्झौताको असफलताको सङ्केत थियो । राज्यको अर्बौं–खर्बौं लगानीका बावजूद पनि यदि कुनै समस्याको स्थायी समाधान हुँदैन भने त्यसलाई उक्त अभियानका नेतृत्वकर्ता, सहमतिकर्ता तथा मध्यस्थकर्ताको अयोग्यता, अक्षमता र असफलता नै मान्नुपर्छ । भनिन्छ, जनताको स्मरणशक्ति कमजोर हुन्छ, यस अर्थमा ओली सरकारले उपरोक्त दुई वार्तालाई आफ्नो सफलताको रूपमा विश्लेषण गर्दा हुन्छ, तर यसबाट देशमा स्थायी शान्ति आउने अपेक्षा गर्न सकिंदैन । भोलिका दिनमा फेरि पनि कसैले माओवादीका नाममा हतियार उठाउन सक्ने सम्भावनालाई खारेज गर्न सकिंदैन । यस वार्तामा पनि विप्लव पक्षबाट हतियार फिर्ता गराउने विषयमा सहमति भएको छैन । प्रचारमुखी राजनीतिको वर्तमान युगमा ओली सरकार अग्रपङ्क्तिमा देखिएको छ ।

साढे ५ वर्ष अघि जति बेला संविधानसभामार्फत संविधान निर्माण भइरहेको थियो, त्यति बेला मधेसवादी राजनीतिक दलहरूले केपी शर्मालाई नै आफ्नो प्रमुख विरोधी ठानेका थिए । मधेसी नेताहरूको प्रत्येक सम्बोधनमा ओलीलाई नै सराप्ने काम हुने गर्दथ्यो । सप्तरीको मलेठ घटनाले यस आगोमा घ्यू थप्ने काम गरेको थियो । केपीशर्मा ओलीको सर्वाधिक विरोध मधेसमा हुनुको प्रमुख कारण ओलीद्वारा मधेसी दलहरूको आन्दोलनलाई लक्षित गरेर व्यङ्ग्यपूर्ण आक्षेप र कठोर टिप्पणी गर्नु थियो । उनले त्यति बेला जारी मधेस आन्दोलनलाई अर्थहीन साबित गरिरहेका थिए । आक्रोशित मधेसी नेताहरूले ओलीलाई तराई–मधेसमा खासगरी प्रदेश २ मा खुट्टै टेक्न नदिने घोषणा गरेका थिए तर आफ्नो पिपलपाते अडानका लागि प्रसिद्ध मधेसी दलका नेताहरूमध्ये केहीले त ओलीकै समर्थनबाट २०७४ को आम निर्वाचन जिते । आम निर्वाचन २०७४ मा केपीशर्मा ओलीको नेतृत्वको वाम गठबन्धनले झन्डै दुईतिहाई बहुमत हासिल गरेपछि घोर ओली विरोधी मानिएका दुवै मधेसी दल राजपा नेपाल र सङ्घीय समाजवादी फोरमले थालमा नै पस्केर ओलीलाई आफ्ना सांसदहरूको समर्थन दिन पुगे । सङ्घीय समाजवादी फोरम त डेढ वर्षसम्म ओली सरकारमा सहभागी पनि थियो ।

मधेसवादी दलहरूले ओलीविरुद्ध गरेको टिप्पणी बिर्सेको पनि हुन सक्दछ तर ओलीले बिर्सेनन् । सिके राउत नेतृत्वको पार्टीलाई शान्तिपूर्ण वार्तामार्फत राष्ट्रिय राजनीतिको मूलधारमा समाहित गराएर मधेसी दलहरूको एउटा विकल्प तराई–मधेसमैं खडा गर्न प्रधानमन्त्री ओली अवश्य पनि सफल भएका छन् । राउत अब मधेसमा नेपाली काङ्ग्रेस, एमाले र माओवादीभन्दा बढी मधेसी दलहरूकै आलोचना गर्ने गर्दछन् । तराई–मधेसमा विद्यमान गरीबी, पछ्यौटेपन र बेरोजगारको निम्ति उनी मधेसी दललाई नै दोषी बताइरहेका छन् । मधेसी दलका नेताहरूमाथि परिवारवाद र नातावादमा तल्लीन रहेको, भ्रष्टाचार गरेर करोडौं–अर्बौं सम्पत्ति कमाएको तथा मधेसको मुद्दालाई तिलाञ्जलि दिएको भन्ने डा राउतको आरोपलाई प्रतिकार गर्न मधेसी दललाई असहज भइरहेको छ । यसरी ओलीले मधेसी दलसित पनि आफ्नो पुरानो हिसाब बराबर गरेका छन् ।

नेकपा माओवादीको सशस्त्र सङ्घर्षका कट्टरविरोधी प्रधानमन्त्री ओलीको कहिल्यै नेकपा माओवादीसित राम्रो सम्बन्ध थिएन । नेपालमा सबैभन्दा ठूलो माओवादी विरोधी उनी नै मानिन्छन् । उनको आरोपबाट व्यथित एवं आक्रोशित माओवादीका केही कार्यकर्ताहरूले विगतमा ओलीमाथि भौतिक आक्रमण गर्ने प्रयास पनि नगरेका होइनन् तर ओलीले कहिल्यै माओवादीप्रति उदारता देखाएनन् केवल बदलिंदो परिस्थितिमा उनले विप्लवको उपयोग मात्रै गरेका हुन् ।

पुष्पकमल दाहाल (प्रचण्ड) बाट असहयोग भएपछि उनले विप्लवको स्मरण गरे । विप्लव पनि प्रचण्डमाथि अनेकौं आरोप लगाएर पार्टी परित्याग गरी सशस्त्र सङ्घर्षमा लागेका थिए । विप्लवले प्रचण्डमाथि लगाएका कतिपय आरोपमध्ये माओवादी लडाकूका नाममा राज्यबाट प्राप्त आर्थिक सहयोगमा समेत अर्बौंको भ्रष्टाचारको विषयले प्रचण्डलाई जनतामा अलोकप्रिय बनाउन सक्दछ । प्रधानमन्त्री ओलीले सैनिक समायोजनमा अटाउन नसकेका माओवादीका अयोग्य एवं अदक्ष लडाकू, माओवादी अध्यक्ष प्रचण्डद्वारा उपेक्षित एवं महत्त्व पाउन नसकेका कार्यकर्ता, सशस्त्र सङ्घर्षका घाइते एवं अपाङ्ग लडाकूहरूको सहानुभूति बटुल्ने पनि प्रयास गरे । कालीबहादुर खामजस्ताको समर्थन लिने प्रयास एवं कामका कारण देशका बुद्धिजीवी वर्गको समर्थन पनि ओलीले गुमाएका छन् । प्रधानमन्त्री ओलीलाई माओवादीको कट्टर आलोचक एवं विरोधी मानिन्छ तर यसपालि उनले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पार्टीले पनि अन्तर्मनले स्वीकार तथा आत्मसात् गर्न नचाहने पूर्वलडाकू एवं सो पार्टीका अलोकप्रिय नेताहरूप्रति सहानुभूति व्यक्त गरेर केही हदसम्म जोखिम पनि मोल लिएका छन् ।

१४ वर्ष अघि नेकपा माओवादी र तत्कालीन सत्ताका महत्त्वपूर्ण खेलाडी सात राजनीतिक दलबीच भएको बृहत् शान्ति सम्झौतापश्चात् देशमा स्थायी शान्ति कायम भएको अपेक्षा गरिएको छ । सात दर्जन जति माओवादी नेता र कार्यकर्तालाई सोझै सांसद बनाउने काम भएको थियो । देशको अर्बौं रुपियाँ खर्च भएको थियो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई शान्तिका नायकसमेत भनिएको थियो । उनका वफादारहरूले त उनलाई शान्तिका लागि नोबेल पुरस्कारको निम्तिसमेत सिफारिश गर्न माग गरेका थिए, भरसक गिरिजाबाबूको नामको सिफारिश भएको पनि थियो । तर शान्ति प्रक्रिया पूरा भएको केही वर्षपछि नै शुरूमा मोहन वैद्य एवं सिपी गजुरेलहरूले सम्पूर्ण शान्ति प्रक्रियामाथि नै प्रश्नचिह्न उठाउँदै पुनः विद्रोहमा जाने निर्णय गरे । लगत्तै नेत्रविक्रम चन्दले सशस्त्र सङ्घर्षको पुनरावृत्ति गरेपछि नेपालको शान्ति प्रक्रिया अधूरो एवं अपूरो रहेको मान्नुको विकल्प रहेन । ओली सरकारले तत्कालको निम्ति सिके राउत र विप्लवलाई शान्तिपूर्ण राजनीतिमा ल्याउनु आफ्नो सरकारको ठूलो सफलता बताउन सक्दछन् तर चिनियाँ टर्च, चिनियाँ छाता र चिनियाँ रेडियो बढी लामो समयसम्म टिकाउ नरहेजस्तै यो शान्ति वार्ता पनि कति लामो समयसम्म टिक्छ भन्न सकिंदैन । देशमा स्थायी शान्ति कायम हुनु नराम्रो होइन, यसको स्वागत गर्नुपर्दछ तर सर्वपक्षीय सहमतिबाट यस्ता विषयमा निर्णय लिने काम भए यसको स्वीकार्यता र सफलताको प्रतिशत बढी हुने थियो । सरकार र विप्लवबीच भएको कथित सफल शान्तिवार्तापश्चात् आयोजित हस्ताक्षर समारोहमैं पनि विप्लवले संविधानमा व्याख्या गरिएको संसदीय व्यवस्था, पूँजीवादी व्यवस्था र बहुदलीय व्यवस्थाप्रति आफ्नो सहमति जनाएनन् अर्थात् वर्तमान संविधानप्रति आफ्नो निष्ठा व्यक्त गरेनन् । नेपाली जनताको चाहना पूरा नभएको तथा शहीद परिवारको विश्वास तिनको सपना मर्न नदिइने उनको घोषणालाई अर्थपूर्ण नै मान्नुपर्दछ । कतिपयले विप्लवको यस कदमलाई आफ्ना नेता र कार्यकर्तालाई रिहा गराउने, मुद्दा फिर्ता गराउने तथा शक्ति सञ्चयको निम्ति अल्पविरामको रूपमा पनि बुझेका छन् । एकातिर 'जनताको जनमतद्वारा वैज्ञानिक समाजवाद कि पूँजीवाद'को फैसला गर्नुपर्ने विप्लवको अडान कायमै छ भने अर्कोतिर सिके राउतहरूले पनि जनताको जनमतद्वारा आफ्नो समस्या समाधान गराइने अर्थात् जनमत सङ्ग्रह गराइने विषयमा सरकारसित सहमति भएको प्रचार गरिरहेका छन् । २१ फागुनमा सरकार र नेकपाबीच सहमतिमा हस्ताक्षर समारोहमा पनि विप्लवको 'जनता के चाहन्छ' भन्ने विषयमा नयाँ फैसला गर्ने वातावरण निर्माण गर्नुपर्ने आशय पनि जनमत सङ्ग्रह नै हो भन्ने बुझ्न सकिन्छ । तसर्थ विप्लवले सहमति जनाएको शान्तिमार्गको यात्रा शर्तरहित छैन । यसलाई क्षणिक सफलता नै बुझ्नुपर्दछ ।

# १६ लाख ज्येष्ठ नागरिकले लगाए खोप

काठमाडौं, ५ चैत/रासस

कोरोना भाइरसविरुद्धको खोप दोस्रो चरणमा १६ लाख ७३ हजार २२७ व्यक्तिले लगाएका छन् । दोस्रो चरणको पहिलो प्राथमिकताका व्यक्तिमध्ये ७३ प्रतिशतले खोप लगाएका छन् ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा झलक शर्मा गौतमले ६५ वर्षभन्दामाथिका १६ लाख ७३ हजार २२७ ज्येष्ठ नागरिकले खोप लगाएको जानकारी दिए । सरकारले गत फागुन २३ गतेदेखि यही चैत ३ गतेसम्म दोस्रो चरणको खोप अभियान सञ्चालन गरेको थियो । दोस्रो चरणको पहिलो प्राथमिकतामा परेका २२ लाख ज्येष्ठ नागरिकलाई खोप प्रदान गर्ने लक्ष्य राखिएको थियो ।

उनले खोप अभावका कारणले खोप अभियानलाई अहिलेका लागि स्थगन गर्नुपरेको जानकारी दिए । "हामी निरन्तर खोप अभियान गर्ने तयारीमा रहेका थियौं," उनले भने, "तर खोप अभाव भएपछि अहिलेका लागि अभियान स्थगन गरेका छौं ।"

विभागले ६५ वर्षभन्दामाथिका ज्येष्ठ नागरिकलाई खोप प्रदान गरेपछि ५५ वर्षभन्दामाथिका र दीर्घरोगीलाई खोप प्रदान गर्ने तयारी थालेको थियो । भारतस्थित सिरम इन्स्टिच्युट अफ इन्डियाबाट खरीद गरिएको १० लाख मात्रा खोप नआएपछि खोप अभियान स्थगन गरिएको हो । अहिलेसम्म भारत सरकारबाट अनुदानमा १० लाख मात्रा र नेपाल सरकारले आफैंले खरीद गरेको १० लाख मात्रा खोप ल्याइ लगाइएको छ । यसअघि पहिलो चरणमा सञ्चालन भएको खोप अभियानमा चार लाख २९ हजारजनाले खोप लगाएका थिए ।



तस्वीर : सौजन्य

खोप शाखाका प्रमुख डा गौतमले सरकारसँग अझै सात लाख मात्रा खोप मौज्दात रहेको जानकारी दिए । उनका अनुसार मौज्दात खोप पहिलो चरणमा लगाएका व्यक्तिलाई दोस्रो मात्रा दिनका लागि राखिएको छ । दोस्रो मात्रा आगामी वैशाख ७ देखि ११ गतेसम्म सञ्चालन हुनेछ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

# चीन–भारत–पाकिस्तानको कालो छायामा दक्षिण एशियाको बृहत् बजार

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**चीन, पाकिस्तान र भारत, यी तीनै पक्ष मिलेर यस क्षेत्रमा शान्ति स्थापना गर्न कटिबद्ध हुने हो भने शान्ति स्थापना भएर यो क्षेत्र बलियो आर्थिक बजारको रूपमा स्थापित हुन सक्छ। तर युद्धमा फाइदा देख्ने स्वार्थी एवं चतुर नेताहरूले शान्ति स्थापना हुन दिंदैनन्।**

अहिले विश्वको कुल जनसङ्ख्या ७ अरब ८० करोड रहेको छ भने भारतको जनसङ्ख्या लगभग १ अर्ब ३८ करोड। यसमा चीनको १ अर्ब ४४ करोड जनसङ्ख्या जोड्दा २ अर्ब ८२ करोड हुन आउँछ। यसरी विश्वको कुल जनसङ्ख्याको ३६ प्रतिशत चीन र भारतमा मात्र छ। यो हिसाबले चीन र भारतको संयुक्त स्थितिलाई विश्वको सर्वाधिक ठूलो बजार मान्न सकिन्छ। यो बजार आर्थिकरूपमा अति लाभदायक हुन सक्छ, तर हुन सकेको छैन। भारत र चीनबीच रहेको अति कटुताको कारण, पर्याप्त सम्भावना भएर पनि यो क्षेत्र समृद्ध बजार बन्न सकेको छैन। आर्थिक सबलताको कुरा गर्ने हो भने चीन विश्वको दोस्रो ठूलो आर्थिक महाशक्ति हो भने भारत विश्वको तेस्रो ठूलो आर्थिक महाशक्ति हुने दौडमा छ।

यसैगरी चीनलाई नजोडेर केवल दक्षिण एशियाको मात्र जनसङ्ख्याको स्थिति हेर्ने हो भने पनि यो क्षेत्रमा करीब २ अर्ब मानिसको बसोवास रहेको पाइन्छ। दक्षिण एशिया पनि एउटा महत्त्वपूर्ण व्यापारिक बजारको रूपमा देखिन्छ। हुन पनि दक्षिण एशियामा विश्वको चारखण्डमध्ये एक खण्ड जनसङ्ख्याको बसोवास छ। बसोवासको यो स्थितिले दक्षिण एशिया पनि एउटा महत्त्वपूर्ण बजारको रूपमा देखा पर्नुपर्थ्यो। तर अचम्म ! भारत र चीनको संयुक्त क्षेत्रीय स्थिति वा दक्षिण एशिया, एक धनी व्यापारिक बजारको रूपमा देखा पर्न सकेको छैन। यस्तै स्थिति रहेको र एक अर्काको छिमेकी बनेर बसेका युरोपका केही देश जनसङ्ख्याको हिसाबले दक्षिण एशियाभन्दा निकै साना भए तापनि विश्वको धनी बजार बन्न सफल भएका छन्। युरोपका देशहरू मिलेर बनेको 'युरोपियन युनियन' विश्वको धनी बजारमध्ये एक हुन पुगेको छ। विश्वका ठूला अर्थ व्यवस्थाको रूपमा हेर्दा अमेरिका पछि युरोपियन युनियन विश्वको दोस्रो ठूलो अर्थ व्यवस्था हुन आउँछ।

भारत र चीनको संयुक्त स्थिति वा दक्षिण एशिया किन आर्थिक हिसाबले ठूलो र सबल बजार बन्न सकेन ? यी क्षेत्रमा विश्व जनसङ्ख्याको ठूलो भाग बस्ने भए तापनि यी क्षेत्र किन धनी बजार बन्न सकेनन् ? यो महत्त्वपूर्ण प्रश्न हो । र यो प्रश्नको उत्तर खोज्नु आवश्यक छ। यो क्षेत्रलाई बलियो बजार हुन नदिने जिम्मेवार पक्षको पहिचान गरी जनतालाई अवगत गराउन आवश्यक छ। यो क्षेत्र विश्वको धनी बजार हुन सक्ने सम्भावना भए तापनि यहाँको राजनीतिले त्यस्तो हुन नदिएको रहस्य यस क्षेत्रको गरीब जनतालाई अवगत गराउन आवश्यक छ।

यो क्षेत्रलाई गरीब बजारमा रूपान्तरण गर्न त्यो पक्ष जिम्मेवार रहेकोले यो क्षेत्रमा गरीबी नघट्नुमा त्यसलाई जिम्मेवार तुल्याउनु आवश्यक छ।

दक्षिण एशिया क्षेत्रलाई धनी बजार हुन नदिन भारत–पाकिस्तान कटुतापूर्ण राजनीतिक सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको छ। पाकिस्तान र भारत, विभाजनकालदेखि नै एक अर्काका शत्रु रहँदै आएका छन्। यी दुई राष्ट्रले सम्बन्ध सुमधुर पारेर यस क्षेत्रलाई एउटा सबल बजार बनाउनुको साटो परस्पर युद्ध गर्नमा समय खर्च गरे र अहिले पनि अविरलरूपमा खर्च गरिरहेका छन्। यी दुवै राष्ट्रमा ठूलो सङ्ख्यामा गरीबहरूको बसोवास भए तापनि यिनको ठूलो रकम युद्ध सामग्री खरीदमा खर्च भइरहेको छ।

भारतले प्रत्येक वर्ष आफ्नो सङ्घीय बजेटको लगभग १६ प्रतिशत रकम सुरक्षामा खर्च गर्छ। यसैगरी कुल गार्हस्थ्य उत्पादनको २.१ प्रतिशत (सन् २०२०–२१) रकम सुरक्षामा खर्च गर्छ। भारतले प्रत्येक वर्ष सुरक्षामा औसतमा ९ प्रतिशतले वृद्धि गर्दै लगेको देखिन्छ। अर्थात् परम्परागत शत्रु पाकिस्तानलाई तर्साउन (सैन्य बल देखाएर) ठूलो रकम खर्च गरिरहेको छ। भारतले पाकिस्तान र चीनसँग जोडिएका आफ्नो भूमिमा करोडौं रुपियाँ खर्च गरेर ठूलो सङ्ख्यामा सेना तैनाथ गरेको छ। पाकिस्तानलाई तर्साउन सुरक्षामा खर्च गर्ने रकम यदि भारतले यस क्षेत्रको बजार विकासमा गर्ने हो अथवा आफ्नै देशको गरीबी कम गर्न गर्ने हो भने यो क्षेत्रमा उल्लेखनीय किसिमले गरीबी घट्ने थियो।

पाकिस्तानको स्थिति पनि भारतजस्तै छ। पाकिस्तानले पनि सुरक्षामा ठूलो रकम खर्च गरिरहेको छ। र पाकिस्तानले सुरक्षामा गर्ने ठूलो खर्च भारतले आफूमाथि गर्ने कुनै पनि सैन्य कारबाहीको जवाफ तुरून्त दिनका लागि खर्च गरेको सहजै अनुमान लगाउन सकिन्छ। पाकिस्तानले आफ्नो कुल बजेटको लगभग १८ प्रतिशत रकम (सन् २०२०–२१) सुरक्षामा खर्च गर्छ। यो पाकिस्तानको कुल गार्हस्थ्य उत्पादनको लगभग ३ प्रतिशत हो। पाकिस्तानको सशस्त्र सैन्यबल विश्वको छैठो ठूलो सैन्यबल हो भने भारतको सशस्त्र सैन्यबल विश्वको दोस्रो ठूलो (पहिलो चीन) हो। पाकिस्तान र भारत दुवैले सुरक्षामा ठूलो रकम खर्च गरिरहेका छन्। तर यी दुवै राष्ट्रले एक समझदारी कायम गरी यो क्षेत्रमा दीर्घकालीन शान्ति स्थापना गर्ने हो भने दुवले सैन्य बलमा खर्च गर्ने रकम यस क्षेत्रको आर्थिक विकासमा सदुपयोग हुने थियो।

दक्षिण एशिया र यसको छिमेकी चीन सम्मिलित यो भूखण्डको राजनीतिक स्थिति विचित्रको छ। चीनको भारतसँग कटुतापूर्ण सम्बन्ध छ। यी दुई राष्ट्रबीच सानाठूला गरी अनेकौंपटक युद्ध पनि भइसकेको छ। केही महीना पहिले मात्र भारतको गलवानमा यी दुई राष्ट्रबीच अति क्रूर मुठभेड भएको थियो। यी दुई राष्ट्रबीच सम्बन्ध सुमधुर हुने सम्भावना परसम्म पनि देखिंदैन। यी दुई राष्ट्रबीच युद्ध हुँदा दुवै देशका जनतालाई बेफाइदा भए पनि नेताहरूलाई राजनीतिक फाइदा (सत्तामा दीर्घकालसम्मको पकड) हुने भएकोले जानाजान, उद्देश्यपूर्वक एक अर्कासँग लड्न तयार रहन्छन्। दुई देशबीच बेलाबेला हुने युद्धले आफू (दुवै देशका नेता) हरूलाई राजनीतिक फाइदा हुने भएकोले यस क्षेत्रमा शान्ति स्थपना नहोस्, निरन्तर युद्ध होस् भन्ने चाहन्छन्। यो कारणले गर्दा पनि भारत र चीनबीच एक किसिमले निरन्तर युद्ध भइरहेको छ।

पाकिस्तान–भारत सम्बन्ध त झन् पानी बाराबारको अवस्थामा छ। दुवै एक अर्कोको शत्रुको रूपमा रहेको देखिन्छन्। यस्तो हुनमा दुई देशका सामान्य जनता होइन, दुई देशका नेताहरू जिम्मेवार देखिन्छन्। यी दुई देशबीच सम्बन्ध राम्रो भए आफ्नो राजनीतिक भविष्य असुरक्षित र कटुतापूर्ण भए सुरक्षित हुने भएकोले यी दुवै देशका केही नेताहरू भारत र पाकिस्तानबीच निरन्तर कटुता होस्, निरन्तर सानाठूला युद्ध होस् भन्ने चाहन्छन्। यी कारणले गर्दा यो क्षेत्रमा शान्ति स्थपाना हुन सकिरहेको छैन। यो क्षेत्रको गरीबी कम हुन सकिरहेको छैन।

भारतलाई पाकिस्तानको शत्रु देखाएर पाकिस्तानका केही नेताहरूले राजनीतिक फाइदा लिइरहेका छन् भने पाकिस्तानलाई आफ्नो शत्रु देखाएर भारतका केही नेताहरूले राजनीतिक फाइदा लिइरहेका छन्। चुनावमा विजय हासिल गरिरहेका छन्। सरकार निर्माण गर्न सफल भएका छन्। यो कारणले गर्दा पनि यी दुवै देशका नेताहरूले यो क्षेत्रमा शान्ति स्थापित होस्, एउटा बलियो व्यापारिक बजार बनोस् भन्ने चाहँदैनन्। यो क्षेत्रमा उनीहरू जहिले पनि उथलपुथल भएको हेर्न चाहन्छन्। त्यसैले निरन्तर र प्रत्येक दिन वाक्युद्धमा लीन रहन्छन्। तर दुवै देशको जनता भने एक आपसमा समझदारी कायम गरेर शान्तिपूर्वक बस्न चाहन्छ।

एउटा समृद्ध बजार बन्न सक्ने सम्भावना बोकेको दक्षिण एशिया उल्टो अनेक राजनीतिक दाउपेंच खेलिने युद्ध मैदान बन्न पुगेको छ। पाकिस्तानको क्रियाकलाप भारतसँग हुने सानाठूला युद्धहरूमा मात्र सीमित छैन। पाकिस्तानले अफगानिस्तानी तालिबानीहरूलाई सहयोग गरेर अफगानिस्तानलाई पनि अस्थिर पारिरहेको छ। अफगानिस्तान स्थिर भए यस देशमा भारतको प्रभाव बढ्ने भयले पाकिस्तानले जहिले पनि अफगानिस्तानलाई अस्थिर भएको देख्न चाहन्छ। अफगानिस्तानको गृहयुद्ध समाप्त हुने सम्भावना पनि टाढाटाढासम्म देखिंदैन। यो देश अझै दशकौं अशान्त रहने देखिन्छ। यस्तो स्थितिमा कसरी दक्षिण एशिया समृद्ध बजार बन्न सक्छ ? कसरी यो क्षेत्रको गरीबी कम हुन सक्छ ?

चीन र भारतबीचको कटुतापूर्ण सम्बन्धको कालो छायाले नेपालको राजनीतिलाई पनि अति प्रतिकूल असर पारेको छ। यहाँसम्म कि नेपालमा स्थापना हुने सरकारको आयु यी दुई राष्ट्रहरूको क्रियाकलापमा भर पर्ने स्थितिमा पुगेको छ। चीन र भारतबीच कटुतापूर्ण सम्बन्धले नेपालमा आर्थिक समृद्धि विस्तार गर्न गाह्रो हुने देखिएको छ। यी दुवै राष्ट्र नेपालको आर्थिक विकासमा बाधक बन्न सक्छन्।

चीन, पाकिस्तान र भारत, यी तीनै पक्ष मिलेर यस क्षेत्रमा शान्ति स्थापना गर्न कटिबद्ध हुने हो भने शान्ति स्थापना भएर यो क्षेत्र बलियो आर्थिक बजारको रूपमा स्थापित हुन सक्छ। तर युद्धमा फाइदा देख्ने स्वार्थी एवं चतुर नेताहरूले शान्ति स्थापना हुन दिंदैनन्। उनीहरूको क्रियाकलाप अनेक निहु खोजेर दक्षिण एशियाका राष्ट्रहरूबीच युद्ध गराउनमा नै केन्द्रित रहेको देखिन्छ। यस्तो स्थितिमा दक्षिण एशिया बलियो आर्थिक बजार बन्न कठिन छ। यो क्षेत्रबाट गरीबी अन्त्य हुन असम्भव छ।

चीन, भारत र पाकिस्तानको कालो छायामा दक्षिण एशिया परेको हुनाले यो क्षेत्र एउटा बृहत् बजार बन्न सक्ने सम्भावना यो स्थितिमा भने देखिएको छैन।

# बुबाको व्यावसायिक बिंडो थाम्दै छोराहरू

चितवन, ५ चैत/रासस

युवा व्यवसायी राजन गौतमले बुबाको व्यवसायमा बाल्यकालदेखि साथ दिंदै आए। उद्योग वाणिज्य सङ्घ चितवनका पूर्वअध्यक्षसमेत रहेका गौतम अहिले पनि बुबाले शुरू गरेको व्यवसायलाई विस्तार गर्दै अगाडि बढेका छन्।



प्रतीकात्मक तस्वीरः सौजन्य

बुबा नारायणप्रसाद गौतमले विसं २०२७ मा शुरू गरेको किराना व्यवसायबाट विस्तार हुँदै चामल मिल, अबिर केशरी, पीताम्बरी, प्राङ्गारिक मल उत्पादनसम्म आइपुगेको छ। अहिले किरानाबाहेक सबै व्यवसाय फस्टाउँदै अगाडि बढेको छ। यी व्यवसायलाई छोरा गौतमले साथ दिंदै आएका छन्।

चितवनका युवा व्यवसायी गौतम भन्छन्, "मैले सानै उमेरदेखि बुबालाई साथ दिएर अहिले पनि व्यवसाय विस्तारमा लागिपरेको छु।" उनले बुबाले सुरुआत गरेका कारण आफूलाई व्यवसायलाई अगाडि बढाउन सहज भएको बताए। उनले भने, "सुरुआत बुबाले गर्नुभयो, त्यसलाई थप विस्तार गर्न मलाई सहज भयो।" बुबाको भन्दा फरक व्यवसाय गर्नुपरेको भए असहज र बुझ्न नै लामो समय लाग्ने हुँदा यति छिटो सफलता मिल्न गाह्रो हुने उनको भनाइ छ। कुनै बेला नारायणगढमा मात्रै सीमित हुने उनीहरूको उत्पादन चामल, अबिर, केशरी, पीताम्बरी, प्राङ्गारिक मल अहिले देशभरि बिक्री वितरण हुने गरेको छ।

विसं २०४३ सालमा नारायणगढ बजारमा खाजा घरका रूपमा स्थापना भएको वैष्णव मिष्ठान्न भण्डार अहिले चार ठाउँमा विस्तार भइसकेको छ। विष्णुप्रसाद सापकोटाले शुरू गरेको यो व्यवसाय अहिले छोरा कृष्णप्रसाद सापकोटाले विस्तार गर्दै लगेका छन्। गत पाँच वर्षयतादेखि छोरा कृष्ण यो व्यवसाय विस्तारमा लागेका छन्। बुबाले थोरै समय दिने भएपनि अहिले कृष्णाले नै यसको मुख्य जिम्मेवारी लिएर व्यवसाय गरिरहेका छन्।

उनले मुख्य जिम्मेवारी सम्हालेसँगै नारायणगढमा मात्रै केन्द्रित भएको मिष्ठान्न भण्डार भरतपुर, टाँडी, वीरेन्द्र क्याम्पस गेटमा पनि विस्तार भएको छ। शाकाहारी भोजनालय र मिठाइका लागि ख्याति कमाएको वैष्णवले अहिले प्याकिङ मिठाइ उत्पादन शुरू गरेको छ। नमकिन, सोनपापडी, रसभरी, लालमोहनजस्ता मिठाइ उत्पादन गरी देशका प्रमुख शहरसम्म पुर्‍याइएको छ। कृष्णले भने, "अहिले हामीले मिठाइलाई देशैभरि पुग्ने गरी उत्पादन र वितरण गर्दै आएका छौं।" बुबाको मिहिनेतसँगै स्थापना भएको वैष्णव ब्रान्डलाई कृष्ण देशव्यापी बनाउन सफल भएका छन्। बुबाकै कारण आफूलाई व्यवसाय विस्तारमा सहज भएको उनको भनाइ छ।

विसं २०३६ मा नारायणगढको शहीदचोकमा बिजुली पसलबाट व्यवसाय शुरू गरेका ऋषिप्रसाद लामिछानेको उक्त व्यवसाय अहिले छोरा अशोकप्रसाद लामिछानेले सम्हाल्दै आएका छन्। आफूले १३ वर्षको उमेरदेखि व्यवसायमा साथ दिएको भन्दै अशोकले विसं २०५५ यता नेतृत्व गरेर बुबाको पेशा सम्हालेको बताए।

लामिछाने विद्युत् सप्लायर्सका नामबाट शुरू भएको व्यवसायकै आम्दानीबाट छोरा अशोकले साझेदारीमा विभिन्न उद्योग–व्यवसायमा लगानीसमेत गरेका छन्। आशीर्वाद समूहका पार्ट्स, पोलिस्याक्स, प्लास्टोसँगै स्वास्थ्य, शिक्षा र सञ्चारमा समेत उनको लगानी छ। उनले भने, "सबै क्षेत्रको लगानीमा बिजुली पसलको योगदान छ।" बुबाले शुरू गरेको पेशाकै कारण सफलता हासिल गर्न सहज भएको उनको भनाइ छ। लामिछानेले लगानी गरेका उद्योगको उत्पादन अहिले देशभरि पुग्ने गरेको छ।

चितवनमा ख्याति कमाएको कर्मा रेस्टुराँको सञ्जाल विस्तार भइरहेको छ। बुबा दुर्गादत्त अधिकारीले नारायणगढमा शुरू गरेको व्यवसाय छोरा अमित र अविनाशले विस्तार गरिरहेका छन्। अहिले काठमाडौंको चाबहिल र सोह्रखुट्टेमा शाखा विस्तार भएको छ। केही दिनभित्रै भरतपुरमा अर्को शाखा खुल्दैछ भने बुटवल र पोखरामा विस्तार गर्ने तयारी गरिएको छ।

सौराहामा होटल व्यवसाय गर्दै आएका सुमन घिमिरे बुबा हरिक्तभक्त घिमिरेले शुरू गरेको व्यवसायलाई विस्तार गरेर अगाडि बढेका हुन्। उनले भने, "बुबाले शुरू गर्नुभएको कारण आफूले धेरै मिहिनेत गर्नुपरेन।" युवा पुस्ताले व्यवसाय सम्हालेसँगै अन्तर्राष्ट्रियरूपमा परिचित हुने गरी बजारीकरणसँगै होटलको गुणस्तरमा समेत सुधार गर्न सफलता मिलेको छ। जङ्गल सफारी लजको नाममा सञ्चालित होटल अहिले स्वदेशी तथा विदेशी पर्यटकको रोजाइ बन्ने गरेको छ। उनले भने, "सेवाग्राहीको चाहना अनुसार गुणस्तर र सेवामा विविधता दिएसँगै सफलता मिलेको छ।"

उद्योग वाणिज्य सङ् चितवनका अध्यक्ष राजु श्रेष्ठ सबैले बुबाबाजेको पेशा नअँगालेको भएपनि केहीले भने चार/पाँच पुस्तासम्म पेशा अँगाल्दै आएको बताए। कतिपयले पेशा परिवर्तन गरेको भन्दै आफ्नो पुर्खाले गरेको पेशालाई समयसापेक्ष परिष्कृत गर्दै अँगाल्नेलाई सफलता मिलेको उनको भनाइ छ। उद्योग सङ् चितवनका अध्यक्ष राजु पौडेल बुबाले गर्दै आएको व्यवसाय छोराहरूले सम्हाल्दै आएको बताउँछन्। बुबाको पेशालाई छोराछोरीले सम्हाल्न सकेमा नोक्सान नहुने भन्दै उनले छोराछोरीलाई पनि सहजै सफलता हासिल गर्न सहयोगी हुने धारणा राखे।

# चालू आवको ६ महीनामा लगानी कोषको नाफामा वृद्धि

काठमाडौं, ५ चैत/रासस

नागरिक लगानी कोषले चालू आवको पुस मसान्तसम्म गत वर्ष सोही अवधिको तुलनामा ८.५४ प्रतिशत बढी नाफा कमाएको छ। आव २०७७/०७८ को सो अवधिमा रु ३२ करोड २५ लाख खुद नाफा कमाएको कोषले जनाइएको छ।

कोषले चालू आवको ६ महीनाको अवधिमा रु एक खर्ब ६३ अर्ब २१ करोड लगानी गरेको छ। सोही अवधिमा कोषको खुद मौज्दात रु एक खर्ब ६४ अर्ब ८८ करोड रहेको छ। सो अवधिमा कोषले मुद्दती निक्षेपमा रु एक खर्ब एक अर्ब ६६ करोड, नेपाल सरकारको ऋणपत्रमा रु एक अर्ब पाँच करोड, सङ्गठित संस्थाको शेयर/धितोपत्रमा रु १२ अर्ब ८३ करोड, सहभागी सापटी तथा आवास कर्जामा रु २७ अर्ब ९३ करोड र समयकालीन कर्जामा रु १९ अर्ब ७२ करोड लगानी गरेको छ।

कोषको अधिकृत पूँजी रु आठ अर्ब, जारी पूँजी रु आठ अर्ब र चुक्ता पूँजी रु तीन अर्ब रहेको छ। कोषमा सरकारको १०, नेपाल राष्ट्र बैंकको १३.३४, नेपाल स्टक एक्सचेन्जको १०, राष्ट्रिय बीमा संस्थानको ३१.५५, बैंक तथा वित्तीय संस्थाको १५.११ र सर्वसाधारणको २० प्रतिशत शेयर स्वामित्व रहेको छ।

मुलुकको आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई समेत पूँजीको बचत गर्न प्रोत्साहित गरी लगानीको अवसर बढाउन तथा पूँजी बजारको विकासमा गतिशीलता ल्याउने उद्देश्यले स्थापना भएको कोषले अवकाश कोष सञ्चालन तथा व्यवस्थापन गर्ने, सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी राष्ट्रिय पूँजीको निर्माण गर्ने कार्य गरिरहेको छ।

कोषले कर्मचारी बचत वृद्धि अवकाश

(बाँकी चौथो पातामा)

# आर्थिक विकासका लागि साना तथा मझौला उद्योग

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सीमित पूँजी तथा प्रविधिबाट आफ्नो काम शुरू गर्ने उद्यमीहरूको हौसला कायम गर्न घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने निकायहरूले पनि यी समस्याबारे सीमित नै भए पनि, चासो राख्नु उचित देखिन्छ। यथार्थमा भन्ने हो भने साना तथा मझौला उद्योगका उत्पादनहरूको बजार व्यवस्था गर्नु सरकारको दायित्व हो।**

कुनै पनि मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि साना तथा मझौला उद्योगले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यस्ता उद्योगले आर्थिक वृद्धि, रोजगार सिर्जना तथा निर्यातमा प्रभावकारी भूमिका निर्वाह गरिरहेका हुन्छन्। आधारभूत संरचनाको दृष्टिकोणबाट नेपालमा ठूला उद्योगभन्दा साना तथा मझौला उद्योग बढी उपयुक्त देखिएको छ। आर्थिक रूपान्तरणको वाहक र समावेशी अर्थतन्त्र निर्माणको आधार स्तम्भका रूपमा रहेका यस्ता उद्योग नेपालमा नीतिगत प्रस्टताको अभावमा आशा गरे अनुरूप फस्टाउन सकेको छैन। ती उद्योगबाट नेपालको अर्थतन्त्रमा जति योगदान पुग्नुपर्ने हो त्यति पुग्न सकेको छैन। विशेषगरी साना तथा मझौला उद्योगहरू स्थानीय कच्चा पदार्थमा आधारित हुन्छन्। त्यसैले यस्ता उद्योगको सञ्चालनबाट एकातिर स्थानीय स्रोत-साधन परिचालन गर्न सकिन्छ भने अर्कोतिर रोजगारको अवसर सिर्जना हुन्छ। यस्ता उद्योगको प्रवर्द्धन गर्न सके नेपालको अर्थव्यवस्था सुदृढ एवं सबल बनाउन ठूलो सहयोग पुग्नेछ।

सन् २०१९ को एक तथ्याङ्क अनुसार नेपालका कुल उद्योगमध्ये ९३.७३ प्रतिशत साना तथा मझौला उद्योग छन्। सीमित स्वामित्व, रोजगारीको सङ्ख्या, व्यवस्थापन, स्वायत्तता आदिका आधारमा यस्ता उद्योगलाई परिभाषित गरिन्छ। विभिन्न देशमा यस्ता उद्योगको मापदण्ड फरक-फरक छ। नेपालमा औद्योगिक व्यवसाय ऐन, २०७६ ले उद्योगलाई ठूला, मझौला, साना, लघु तथा घरेलुमा वर्गीकरण गरेको छ। विकासोन्मुख मुलुकमा यस्ता उद्योगले रोजगार सिर्जनामा ६० प्रतिशत र कुल गार्हस्थ्य उत्पादनमा ४० प्रतिशत योगदान गरिरहेको विभिन्न अध्ययनले देखाएको छ। नेपाल सरकारले सन् २०१६ मा सार्वजनिक गरेको प्रतिवेदनमा साना तथा मझौला उद्योगले कुल गार्हस्थ्य उत्पादनमा २२ प्रतिशत योगदान र करीब १७ लाख रोजगार सिर्जना गरेको उल्लेख छ। हुनत नेपालमा ठूलो सङ्ख्यामा साना तथा मझौला उद्योग अनौपचारिक हिसाबले सञ्चालन भइरहेका छन्। विकासोन्मुख मुलुकमा मात्र होइन, विकसित मुलुकमा पनि दर्ता नगरी उल्लेख्य मात्रामा यस्ता उद्योग सञ्चालन गरिएको पाइन्छ।

साना तथा मझौला उद्योगले लगानी, व्यवस्थापन, करलगायत विभिन्न समस्या भोगिरहेका छन्। ठूला उद्योगको तुलनामा यस्ता उद्योगको उत्पादकत्व कम हुन्छ। पर्याप्त लगानी र प्रविधिको उपयोग गर्न सकिएको छैन। दक्ष जनशक्तिको अभाव र कमजोर बजार व्यवस्थापनका कारण साना तथा मझौला उद्योग अन्य उद्योगको तुलनामा बढी जोखिम उन्मुख छन्। कम उत्पादकत्व, अन्तर्राष्ट्रियस्तरको गुणस्तर प्रमाणीकरण गर्न कठिनाइ, भूपरिवेष्टित मुलुक भएकोले कच्चा पदार्थ आयातमा उच्च लागत, निर्यातका लागि कमजोर अन्तर्राष्ट्रिय सम्बन्ध, विदेशी लगानी पर्याप्त मात्रामा भित्र्याउन नसक्नु, विदेशी कम्पनीको प्रविधि उपयोग, लाइसेन्सलगायत बौद्धिक सम्पत्तिमा पहुँचको कमीलगायत चुनौती नेपालका साना तथा मझौला उद्योगले भोगिरहेका छन्। यीबाहेक अर्को ठूलो चुनौती भनेको वित्तीय व्यवस्थापन नै हो। सबै साना उद्योगले वित्तीय संस्थाबाट सहुलियत दरमा ऋण प्राप्त गर्न सकिराखेका छैनन्। धितो राख्नुपर्ने प्रावधान, उच्च ब्याजदर र झन्झटिलो प्रक्रियाका कारण बैंकबाट ऋण लिन साना उद्यमीहरू झन्झट मान्छन्। उनीहरूले साहु-महाजन र सहकारीमार्फत वित्तीय स्रोत व्यवस्थापन गर्ने गरेको पाइन्छ। त्यस्तै औद्योगिक जनशक्तिसमेत नेपालमा पर्याप्त मात्रामा उपलब्ध छैन।

हुनत साना, मझौला तथा घरेलु उद्योगको विकासका लागि नेपालमा २००२ सालमा घरेलु तथा साना उद्योग विभाग स्थापना गरिएको हो। २०१३ सालमा प्रथम पञ्चवर्षीय योजना अवधिमा तत्कालीन सरकार र फोर्ड फाउन्डेशनबीच घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनका लागि सम्झौता भएको थियो, तर यसबाट ठोस उपलब्धि हासिल हुन सकेको थिएन। केही वर्ष अघि घरेलु, साना तथा मझौला उद्योगको विकासका लागि कर्जा सुविधा पुर्‍याउन नेपाल राष्ट्र बैंकले लगानी कोष स्थापना गरी नेपाल राष्ट्र बैंक, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकका शाखामार्फत कर्जा वितरण गर्ने विशेष कार्यक्रम सञ्चालनमा ल्याएको थियो। यस कार्यक्रमबाट केही सुविधा प्राप्त भए पनि अपेक्षित उपलब्धि भने हासिल हुन सकेन। विगतमा घरेलु, साना तथा मझौला उद्योगहरूलाई आवश्यक कच्चा पदार्थ उपलब्ध गराउन र उत्पादित वस्तुको बजार व्यवस्थापन गर्न घरेलु शिल्पकला बिक्री भण्डार विकेन्द्रीकृत एवं विस्तार गर्ने लक्ष्य थियो। योबाहेक निजी क्षेत्रका व्यापारीहरूलाई पनि यस्ता उद्योगहरूको विकासमा आबद्ध गर्ने प्रयास गरिएको थियो। तर आर्थिक तथा नीतिगत प्रस्टताको अभावमा यस क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकेन।

नेपालमा शैक्षिक एवं आवधिक प्रशिक्षण संस्थाहरूले पनि उद्योगहरूका आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सकेका छैनन्। नेपालका साना उद्यमीलाई कम विकसित मुलुकका रूपमा पाइने कोटा, बजारसम्मको पहुँच तथा अन्य सुविधाबारे पर्याप्त जानकारी उपलब्ध हुन सकेको पनि छैन। घरेलु तथा साना उद्यमीहरूको डिजिटल साक्षरता दरसमेत कम रहेकोले उनीहरूको बजार विश्लेषण पक्ष पनि कमजोर नै छ। यस्ता उद्यमीलाई उत्पादन र बजारसम्बन्धी विविध विषयमा यथार्थपरक जानकारी दिने संयन्त्रको अभाव नै छ। कोरोना महामारीले पनि यिनै उद्योगहरूलाई बढी असर पुर्‍याएको पाइन्छ। कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा न्यूनीकरणका लागि सरकारले लागू गरेको बन्दाबन्दीका समयमा ३५ प्रतिशत साना तथा मझौला उद्योग मात्र सञ्चालनमा थिए। अहिले भने करीब ८० प्रतिशत यस्ता उद्योग सञ्चालनमा आएको तथ्याङ्क छ। अझै सबै साना उद्योग सञ्चालनमा आउन सकेका छैनन्।

साना तथा मझौला उद्योगलाई विश्वव्यापीरूपमैं अर्थतन्त्रको बलियो खम्बाको रूपमा लिइन्छ। नेपालमा पनि यस्ता उद्योगलाई आर्थिक वृद्धि तथा विकासको संवाहक मानिन्छ। तापनि यस्ता उद्योगले लामो समयदेखि भोग्दै आएका समस्याको प्रभावकारी सम्बोधन गरिएको छैन। एकातिर उच्च आर्थिक वृद्धिका लागि औद्योगिक क्षेत्रको योगदान बढी हुन्छ भने अर्कातर्फ सोही उद्देश्य प्राप्त गर्न आवश्यक रणनीति अख्तियार नगर्ने प्रवृत्तिका कारण उत्साहजनक र अपेक्षित नतीजा प्राप्त भएको छैन। विगतमा ऊनी गलैंचा, तयारी पोशाक र सुन चाँदीका गहनासम्बन्धी उत्पादनले गर्दा नेपालले विदेशी बजार लिन सफल भएको थियो। अहिले यसमा गिरावट आएकोले नीति-निर्माणस्तरबाट सोच्नुपर्ने बेला आएको छ। यसैगरी छाला तथा छालाजन्य औद्योगिक उत्पादनले स्थानीय माग तथा निर्यातको सम्भावनालाई इङ्गित गर्ने हुँदा तल्लो स्तरबाट नै क्षमता उपयोग सम्बन्धी कार्य सञ्चालन गर्नुपर्ने देखिन्छ। अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदानलाई बढाउन जति काम गर्नुपर्ने हो, त्यति हुन सकेको छैन। त्यसैले गरीबीको रेखामुनि रहेको जनसङ्ख्या उल्लेखनीयरूपमा न्यूनीकरण, रोजगार वृद्धि, व्यापार घाटा न्यूनीकरण तथा नवप्रवर्द्धधनका लागि साना तथा मझौला उद्योगले भोग्नुपरेका चुनौतीलाई सम्बोधन गर्नु जरूरी छ। यसका लागि व्यवहारमैं लागू गर्न सकिने ठोस कार्ययोजनासहितको साना उद्योग प्रवर्द्धन नीति बनाएर तीनै तहका सरकारले प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न ढिलाइ गर्नुहुँदैन।

सीमित पूँजी तथा प्रविधिबाट आफ्नो काम शुरू गर्ने उद्यमीहरूको हौसला कायम गर्न घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने निकायहरूले पनि यी समस्याबारे सीमित नै भए पनि, चासो राख्नु उचित देखिन्छ। यथार्थमा भन्ने हो भने साना तथा मझौला उद्योगका उत्पादनहरूको बजार व्यवस्था गर्नु सरकारको दायित्व हो। उद्यमीहरूले सीप तथा अनुभव अभिवृद्धि गरी आइपर्ने समस्या आफैं समाधान गर्न सक्ने अवस्थामा नपुगुन्जेल चाहिने सम्पूर्ण सहयोग सरकारबाट प्राप्त गर्ने आशा तथा भरोसा भयो भने लगानीको वातावरण स्वस्थ हुँदै जान्छ र साना तथा मझौला उद्योगको प्रवर्द्धनमा ठूलो सघाउ पुग्छ। यति मात्र होइन, साना तथा मझौला उद्योगको प्रवर्द्धनका लागि आबद्ध विभिन्न सङ्घसंस्थाहरू पनि प्रभावकारी एवं समन्वयात्मकरूपमा सेवा उपलब्ध गराउन सक्षम हुनुपर्छ। यस्ता उद्योगहरूबाट उत्पादित वस्तु गुणस्तरीय र निर्यातयोग्य हुँदाहुँदै पनि सूचना र बजार पहिचानको अभावमा निर्यात हुन नसकिरहेकोले यस्ता वस्तुहरूको निर्यात अभिवृद्धि गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरूप राष्ट्रियस्तरमा एउटा निर्यात गृह स्थापना गर्नु अहिलेको आवश्यकता हो।

# शुरू नै नभएको भवन निर्माण सम्पन्न भनी कागजात तयार

काठमाडौं, ५ चैत/रासस

एक निर्माण व्यवसायीले निर्माण नै नभएको एक अस्पतालको बहुतले भवन निर्माण सम्पन्न भएको भनेर कागजात तयार पारेको फेला परेको छ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोका अनुसार भ्याली कन्स्ट्रक्शन प्रालिले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको लेटरप्याड किर्ते गरी निर्माण कार्य नै नभएको अस्पतालको भवन निर्माण सम्पन्न भएको भनेर कैफियत गरेको पाइएको हो।

यसरी किर्तेमा संलग्न सो संस्थाका सञ्चालक ललितपुरका रवीन्द्र महर्जन रहेका छन्।

ब्यूरोका प्रमुख सहकुलबहादुर थापाले भने, "किर्ते कागजात तयार पारी रौतहटको चपुरस्थित निर्माण कार्य नै नभएको बहुतले अस्पताल भवन, विसं २०७१ भदौ २४ मा निर्माण शुरू गरी रु ४३ करोड ३७ लाख ५५ हजारमा सम्पन्न भएको प्रमाणित गरिन्छ भनेर उल्लेख गरेको देखियो।" उनका अनुसार महर्जनले ठेक्का लिने तर काम नगर्ने साथै गरेको ठाउँमा समेत किर्ते कागजात बनाउने गरेको पाइएको छ।

यो त एउटा उदाहरण हो। उनले यसरी विभिन्न ३४ ठाउँमा किर्ते कागजात तयार पारेको फेला परेको छ। केही काम निर्माणको चरणमा रहेको र केही सम्पन्न भएका क्षेत्रमा समेत किर्ते गरेको पाइएको ब्यूरोका उपनिर्देशक गङ्गा पन्तले जानकारी दिइन्।

उनका अनुसार उनका बारेमा धेरै अनुसन्धान गर्न बाँकी नै छ। तर उनले गरेका काममा भने किर्ते कागजात तयार पारेको फेला परेको पन्तले बताइन्। उनलाई किर्ते लिखत कसूरमा अनुसन्धान जारी छ।

महर्जनले बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको योजना अधिकृत गङ्गाकुमारी गुरुङ र शाखा अधिकृत दीर्घकुमारी गुरुङको हस्ताक्षर भएका विभिन्न छवटा पत्रसमेत किर्ते गरेको अनुसन्धानमा खुलेको उनले जानकारी दिइन्।

यस्तै, विभिन्न मिति र समयमा सरकारी निकायद्वारा आह्वान गरिएका बोलपत्रमा भाग लिने क्रममा किर्ते गरी तयार गरिएका बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका अनुभवको प्रमाणितपत्रसमेत तयार पारेको पाइएको छ।

उनका साथबाट विभिन्न कम्पनीका लेटरप्याड, समितिको छाप र लेटरप्याड, गुम्बा समिति र संस्थाबीचको सहमतिपत्र, समितिको थप रकम निकासासम्बन्धी लेखिएको चिठी, रकमसमेत उल्लेख भएको २३ थान बैंकको चेकसमेत प्रहरीले बरामद गरेको छ।

भ्याली कन्स्ट्रक्शन प्रालिका संस्थापक नुच्छे महर्जनबाट उनले २०६४ सालमा उक्त कम्पनी खरीद गरी निर्माण व्यवसाय शुरू गरेका हुन्। उक्त कम्पनीले विभिन्न क्षेत्रमा विद्यालय भवन निर्माण गरेको भएपनि ठाउँ-ठाउँमा किर्ते लिखत फेला परेकाले ब्यूरोले अनुसन्धानको दायरा फराकिलो पारेको छ।

## चालू आवको ६ महीना....

कोष योजना, आवास कर्जा, लगानीकर्ता हिसाब योजना, उपदान योजना, नागरिक एकाङ्क योजना, राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कार्यक्रम र नागरिक पेन्सन योजना सञ्चालनमा ल्याएको छ।

कोष स्थापनाको ३१औं स्थापना दिवसका अवसरमा बुधवार राजधानीमा आयोजित कार्यक्रममा अर्थ मन्त्रालयका राजस्व सचिव रामशरण पुडासैनीले कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रलाई माथि उठाउने गरी काम गर्न निर्देशन दिए। पूर्वाधार विकास, रोजगार सिर्जना तथा आर्थिक गतिविधिलाई विस्तार गरेर आर्थिक पुनर्उत्थान गर्नुपर्नेमा जोड दिंदै उनले कोषले सञ्चालनमा ल्याएका योजनालाई थप प्रभावकारी बनाउन सुझाव दिए। कार्यक्रममा सर्वोत्कृष्ट कर्मचारी र २० वर्षभन्दा बढी अविछिन्न सेवा गर्ने कर्मचारीलाई पुरस्कार प्रदान गरिएको थियो।



**वनक्षेत्रमा तटहरा बनाइ बसेकाहरूलाई हटाउँदै सामुदायिक वनका पदाधिकारी** : कृष्णपुर नगरपालिकाको नवदुर्गा सामुदायिक वनमा टहरा बनाइ बसेका व्यक्तिहरूलाई हटाइ टहरा जलाउँदै गरेका सामुदायिक वनका उपभोक्ता। अव्यवस्थित बसोवासी, सुकुमबासीलगायतलाई भूमिसम्बन्धी समस्या समाधान आयोगले जग्गाधनी पुर्जा उपलब्ध गराउनका लागि लगत लिन थालेपछि सार्वजनिक जग्गा कब्जा गर्ने कार्य तीव्ररूपमा हुन थालेको छ। तस्वीरः रासस


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
| --- | --- | --- |
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

## अन्तर्राष्ट्रिय समाचार

# अफगानिस्तानको घाटा बजेट पूर्ति गर्न मुद्राकोषबाट ४६ प्रतिशत ऋण

काबुल, ५ चैत/सिन्हवा

अन्तर्राष्ट्रिय मुद्राकोषले अफगानिस्तानको लागि २२ करोड ५० लाख अमेरिकी डलर ऋण सहायता उपलब्ध गराउने भएको छ।

चालू आर्थिक वर्षको लागि अफगानिस्तानको राष्ट्रिय बजेटमा रहेको घाटा पूर्ति गर्न प्रदान गरिने उक्त ऋण करीब ४६ प्रतिशत रहेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

योसहित अफगानिस्तानको कुल राष्ट्रिय ऋण एक अर्ब ५० करोड डलर पुगेको छ। मुद्राकोषले प्रदान गर्ने ऋण यसअघि अफगानिस्तानले तिर्नु बुझाउनुपर्ने ऋणको पुनर्भुक्तानीका लागि हो।

अफगानिस्तानको पर्सियाली पात्रो अनुसार डिसेम्बर २१ देखि नयाँ आर्थिक वर्ष शुरू हुने गर्दछ। अफगानिस्तानको चालू आर्थिक वर्षको कुल बजेट करीब ६ अर्ब डलर रहेको छ, जसमा करीब ४ अर्ब चालू खर्च र करीब २ अर्ब पूँजीगत खर्च रहेको छ।



तस्वीरः सिन्हवा

गृहयुद्ध र दिनहुँका हिंसाका कारण सङ्कटमा परेको अफगानिस्तानमा गरीबी, बेरोजगारी र सुक्खाले आम मानिसको दैनिक जीवन निकै कष्टमय बनाएको छ।

अफगानी अधिकारीहरूका अनुसार सन् २०१९ मा करीब ५५ प्रतिशत अफगानी नागरिक गरीबीको रेखामुनि रहेका छन्। तर विश्व बैंकको भनाइमा गत वर्ष गरीबीको रेखामुनि रहेका मानिसको सङ्ख्या ७२ प्रतिशतसम्म पुगेको छ। रासस

# ब्रजीलमा एकै दिन ९० हजार सङ्क्रमित भेटिए

रियो डे जेनेरियो, ५ चैत/सिन्हवा

ब्रजीलमा कोरोना भाइरसबाट एकै दिनमा ९० हजारभन्दा बढी सङ्क्रमित भएका पाइएको छ। यस देशमा पहिलोपटक यतिधेरै नागरिक सङ्क्रमित भएका पनि समाचारमा जनाइएको छ। ब्रजीलका स्वास्थ्यसम्बन्धी सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा अर्थात् बुधवार रातिसम्ममा यहाँका ९० हजार ३०३ जना सङ्क्रमित भएका बताइएको छ।

ब्रजीलमा अहिलेसम्म कुल एक करोड १६ लाख ९३ हजार ५५८ जना सङ्क्रमित भएका छन् भने दुई लाख ८० हजारजनाभन्दा बढीको मृत्यु भइसकेको बताइएको छ। त्यसैगरी, सोही अवधिमा कम्तीमा २ हजार ६४८ जनाको कारोना सङ्क्रमणका कारण मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ।

यो मृत्यु पनि गएका केही हप्तापछि गत २४ घण्टाको अवधिमा भएको मृत्युको धेरै सङ्ख्या भएको पनि बताइएको छ।

ब्रजीलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार कोरोना भाइरसको महामारीबाट साओ पाउलो सबैभन्दा बढी प्रभावित भएको छ। त्यहाँ पछिल्लो २४ घण्टामा मात्रै चार सयजनाभन्दा बढीको मृत्यु भएको छ। पछिल्लो समयमा ब्रजीलमा कोरोना सङ्क्रमितहरूको उपचारका लागि सेवा क्षमता कम भएको बताइएको छ। जसका कारण पनि कतिपय अवस्थामा अस्पतालमा शैय्या र औषधि अभावसमेत भएको अधिकारीहरूले जानकारी दिएका छन्।

यहाँ कोरोना भाइरसविरुद्धको खोप पनि लगाउन थालिएको छ। ब्रजीलका पूर्वराष्ट्रपति लुइस इनासियो लुला डि सिल्भाले पनि गत शनिवार कोरोना भाइरसविरुद्धको खोप लगाएका थिए। पछिल्लो जानकारी अनुसार मङ्गलवारसम्ममा यहाँका १ करोड ४० लाखभन्दा बढी नागरिकले खोप लगाएका छन्। ब्रजीलको स्वास्थ्य मन्त्रालयले मङ्गलवार मात्र यो जानकारी दिएको पनि समाचारमा जनाइएको छ।

ब्रजील विश्वमा कोभिड-१९ को सङ्क्रमणबाट पीडित अमेरिकापछिको दोस्रो देश हो।

**भारतमा यस वर्ष शुरू भएयताकै सबैभन्दा बढी कोरोना सङ्क्रमण**

नयाँ दिल्ली/सिन्हवा

भारतमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेको सङ्ख्यामा फेरि वृद्धि हुन थालेको छ। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीवार दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा भारतमा करीब ३६ हजारजना सङ्क्रमित भएका छन्। गत बुधवार एक दिनमा २८ हजार ९०२ जना सङ्क्रमितको सङ्ख्या बुधवार ३५ हजार ८७१ पुगेको छ। गत २४ घण्टाको कोरोना सङ्क्रमितको यो सङ्ख्या यस वर्ष शुरू भएयताकै सबैभन्दा बढी हो।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड १४ लाख ७४ हजार ६०५ पुगेको सो मन्त्रालयले जनाएको छ। कुल सङ्क्रमितमध्ये दुई लाख ५२ हजार ३६४ जना अहिले पनि सङ्क्रमित अवस्थामैं रहेका छन् भने कुल एक करोड १० लाख ६३ हजार २५ जना सङ्क्रमणमुक्त भएका छन्। गत २४ घण्टामा कोरोना सङ्क्रमणबाट १७२ जनाको मृत्यु भएपछि यहाँ कुल मृतकको सङ्ख्या एक लाख ५९ हजार २१६ पुगेको बिहीवार जनाइएको छ।

भारतमा जनवरीबाट कोरोनाविरुद्धको खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म तीन करोड ७० लाखभन्दा बढी मानिसले खोप लगाइसकेका छन्। त्यसैगरी, कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषद्ले जनाएको छ।

बुधवार एकै दिन १० लाख ६३ हजारजनाभन्दा बढीको कोरोना परीक्षण गरिएको छ। रासस


# तान्जानियाका राष्ट्रपति मगुफुलीको निधन

दारेसलाम, ५ चैत/एएफपी

तान्जानियाका राष्ट्रपति जोन मगुफुलीको ६१ वर्षको उमेरमा बुधवार निधन भएको छ। तान्जानियाको राजधानी दारेसलाममा मुटुरोगको उपचार गराइरहेका मगुफुलीको बुधवार राति मृत्यु भएको उपराष्ट्रपति समिआ सुल्हु हसनले एक टेलिभिजनमार्फत सार्वजनिक गरेका हुन्।

मगुफुली करीब तीन सातायतादेखि सार्वजनिकरूपमा देखा परेका थिएनन्। यसै कारण पनि उनको स्वास्थ्यको विषयलाई लिएर देशभित्र विभिन्न हल्ला गरिएको थियो। उनलाई कोरोना भाइरसको सङ्क्रमण भएको पनि बताइएको थियो।

तर पनि यस विषयमा सरकारले आधिकारिकरूपमा कुनै सूचना दिएको छैन। उता विपक्षी नेताहरूले भने उनलाई कोरोना भाइरसको सङ्क्रमण भएको दाबी गरेका छन्। तर यो समाचारको पुष्टि हुन सकेको छैन। यसै विषयको जवाफमा गत साता तान्जानियाका प्रधानमन्त्रीले मगुफुली स्वस्थ रहेको जानकारी सञ्चारमाध्यममार्फत दिएका थिए।



उता यहाँको विपक्षी दलका नेता टुन्डु लिस्सुले भने मगुफुलीको कोरोना भाइरसको सङ्क्रमणबाट निधन भएको बताएका छन्।

मगुफुली सन् २०१५ मा पहिलोपटक राष्ट्रपति निर्वाचित भएका थिए। सन् २०१५ को अक्टोबरमा आफ्नो ५६औं जन्मदिनकै अवसरमा उनी देशको राष्ट्रपति घोषित भएका थिए। गत वर्षको चुनावपछि उनी दोस्रो कार्यकालको लागि निर्वाचित भएका थिए। तान्जानियाको संविधान अनुसार राष्ट्रपतिको पाँच वर्षे कार्यकाल हुन्छ। अब उनको बाँकी समय देशका उपराष्ट्रपतिले राष्ट्रपति भएर काम गर्नेछन्। रासस

# ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

प्रस, महोत्तरी, ५ चैत/

ट्याक्टरले ठक्कर दिंदा महोत्तरीमा मोटरसाइकल चालकको ज्यान गएको छ।

मृत्यु हुने धनुषाको मुखियापट्टि मुसरनियाँ गाउँपालिका-३ निवासी २० वर्षीय नितेशकुमार साह छन्।

बुधवार साँझ मटिहानी-जनकपुर सडकखण्डको मटिहानी नगरपालिका-२ स्थित सडकमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिए। सोही दुर्घटनामा गम्भीर घाइते भएका महोत्तरीको मटिहानी नगरपालिका-८ का २६ वर्षीय सरोजकुमार साहको मटिहानी हेल्थकेयरमा उपचार भइरहेको छ।

धिरापुर गाउँबाट मटिहानी बजातर्फ जाँदै गरेको ज.१त ७४८४ नम्बरको ट्याक्टरले विपरीत दिशाबाट आउँदै गरेको नम्बर नखुलेको मोटरसाइकललाई ठक्कर दिंदा दुर्घटना भएको प्रहरीले जनाएको छ। प्रहरीले ट्याक्टर र चालकलाई नियन्त्रणमा लिएको छ।

# बेपत्ता झा दम्पतीको खोजीमा सिआइबी

प्रस, महोत्तरी, ५ चैत/

बितेको फागुन १० गते राति आफ्नै घरमा सुतेका बेला बेपत्ता ६५ वर्षीय मोसाफिर झा र उनकी पत्नी ६० वर्षीया गीतादेवीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले खोजतलाश थालेको छ।

प्रदेश-२ प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय महोत्तरीले बेपत्ता दम्पतीको खोजी गरिरहेको बताए पनि पत्ता लाग्न नसकेपछि प्रहरी प्रधान कार्यालयले सिआइबी टोली खटाएको हो। झा दम्पती सुतेको खाटसमेत बेपत्ता छ। उनीहरू छुट्टाछुट्टै कोठामा सुतेको अवस्थामा बेपत्ता भएको कुरा झा दम्पतीकी बुहारीले बिहान मात्रै थाहा पाएकी थिइन्। उनीहरू सुतेको दुवै कोठामा रगत फेला परेको थियो।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) प्रमुख सहकुल थापाले बेपत्ता दम्पतीको खोजीमा ब्यूरोका प्रहरी निरीक्षकको नेतृत्वमा टोली परिचालन गरिएको बताए।

बुधवार महोत्तरी पुगेको टोलीले बिहीवार स्थानीय प्रहरी प्रशासन, खोज अनुसन्धानमा हालसम्म खटिएका अधिकारी र झा दम्पतीको टोल छिमेकसँग भेटघाट गरेको छ।


मोसाफिर झा र उनकी पत्नी गीतादेवी

झा दम्पती बेपत्ता हुनुमा आपराधिक समूहले अपहरण गरेको हुन सक्ने स्थानीय र प्रहरीको समेत अनुमान छ। लामो समयसम्म बेपत्ता झा दम्पतीको अवस्था पत्ता लाग्न नसकेपछि खोजी कार्य फितलो भएको गुनासो गर्दै मैथिल ब्राह्मण युवा महासभा प्रदेश २ समितिसहित ४४ वटा विभिन्न सामाजिक सङ्घसंस्थाले सिआइबी टोली परिचालन गर्न प्रहरी प्रधान कार्यालयको ध्यानाकर्षण गराएका थिए।

यसअघि बेपत्ता झा दम्पतीको खोजीमा प्रहरीले ५० जनाभन्दा बढीलाई जिल्ला प्रहरी कार्यालय पुऱ्याएर केरकार गरिसकेको छ। स्थानीय एक जग्गासम्बन्धी मुद्दामा साक्षीसमेत रहेका झा दम्पतीको सोही कारणले अपहरण भएको हो कि भन्ने कोणबाट पनि प्रहरीले अनुसन्धान गरिरहेको छ।

# कर उठाउने नगरपालिकाले फोहर उठाउँदैन

जलेश्वर, ५ चैत/रासस

जलेश्वर नगरपालिकाले फोहर नउठाएको यहाँका बासिन्दाले गुनासो गरेका छन्। फोहरकोसमेत कर उठाउने नगरपालिकाले फोहर उठाउन छाडेपछि बजार क्षेत्र दिन प्रतिदिन दुर्गन्धित हुँदै गएको छ। नगरपालिकाले सफाइमा चासो नदेखाएको राजनीतिकर्मी सुरेश साह सोनारले बताए।

उनले नगरपालिकाले सरसफाइकै नाममा बर्सेनि लाखौं रकम छुट्याउने र जनताबाट समेत लाखौं रकम कर लिएर पनि नगरको उचित सरसफाइ नगरेको आरोप लगाए।

तराई-मधेसकै सबैभन्दा पुरानो सदरमुकाममध्ये एक रहेको जलेश्वर अझै पनि चौतर्फी समुचित विकासको पर्खाइमा रहेको नागरिक समाजका अगुवा विजयकुमार गुप्ताको भनाइ छ। उनका अनुसार जलेश्वरकै विकासको नाममा बर्सेनि करोडौं रकम विनियोजन हुँदै आए पनि यहाँ विकासको अनुभूति हुन सकेको छैन।

जिल्लामा १५ स्थानीय तह कायम भएपनि जिल्लास्तरीय प्रमुख सरकारी कार्यालय सदरमुकाममैं छन्। ती सरकारी कार्यालयकै आसपासमा फोहरको डङ्गुर देखिएको स्थानीयवासी लक्ष्मीकुमार साहले बताए।




उनले जलेश्वरवासी २४सैं घण्टा फोहरमा बस्न बाध्य भएको र नाकमुख थुनेर हिंड्नुपरेको गुनासो गरे।

जिल्ला अदालत, कारागार, जिल्ला प्रहरी कार्यालय, सरकारी वकील कार्यालय, हुलाक, जिल्ला प्रशासन, जिल्ला समन्वयलगायतका सरकारी कार्यालयका आसपासमैं फोहरको डङ्गुर छ। विसं २०२९ मा स्थापना भएको नगरपालिकाले अहिलेसम्म नगरको फोहरसमेत उचित व्यवस्थापन गर्न सकेको छैन। अन्य विकासको गति त झनै पछाडि रहेको स्थानीयवासीको आरोप छ। नगरपालिकालाई पटक-पटक फोहर हटाउन आग्रह गर्दै आउँदा पनि सुनुवाइ नभएको स्थानीयवासी गुनासो छ।

बजार क्षेत्रका ढल बजारवासीको फोहर फाल्ने डम्पिङ साइडजस्तै बनेको छ। ढलमा खानेपानीका बोतल, प्लास्टिकलगायतका फोहरका डङ्गुरले ढल पूर्णरूपमा बन्द भएका छन्। नगरपालिकाले दैनिक फोहर सङ्कलन गरेर बजारलाई सफा बनाउने काम गर्दै आएको वडा नं २ का अध्यक्ष वरुण दाहालले बताए।

# छात्रवृत्ति वितरण

प्रस, परवानीपुर, ५ चैत/

वीरगंज महानगर-२१ पटेलनगरस्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयले छात्रवृत्ति वितरण गरेको छ। चालू आव २०७७/०७८ को बजेटबाट सयजना छात्रछात्रालाई रु ४ सयको दरले छात्रवृत्ति वितरण गरेको विद्यालयका प्रधानाध्यापक जवाहरलाल मण्डलले बताए।

सो अवसरमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक तथा शिक्षकशिक्षिकाहरूको उपस्थिति थियो।

**Om Advertising**
A Complete art Solution
Flex Print 3D 2D
Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate
Parwanipur, Bara
9802818703, 9846418703

**Poonam Arts**
......A Complete art Solution
- Flex Print - Sticker Print
- Dps Board - Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board
National Trading, Main Road, Birgunj
Ph: 051-525653

**Admission Open**
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सुयशः |
| मिथुन – बेचैनी | कर्कट – धनलाभ |
| सिंह – सफलता | कन्या – प्रगति |
| तुला – रोगभय | वृश्चिक – यात्रालाभ |
| धनु – शत्रुपराजय | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# विद्युत् प्रणाली सुधार गर्न भारतीय कम्पनीसँग ठेक्का सम्झौता

प्रस, जनकपुरधाम, ५ चैत/

प्रदेश नं २ का ८ जिल्लाको विद्युत् प्रसारण र वितरण प्रणाली सुधार गर्न नेपाल विद्युत् प्राधिकरण र टाटा प्रोजेक्ट लिमिटेड भारतबीच सम्झौता भएको छ।

व्यवस्थापन निर्देशनालयमार्फत कार्यान्वयन हुने आयोजनालाई ५ समूहमा विभाजन गरिएको छ।

आयोजनामार्फत विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन आधुनिक कार्यान्वयनका लागि नर्वे सरकारले ३ करोड ५० लाख अमेरिकी डलर अनुदान उपलब्ध गराएको छ। यो अनुदान एशियाली विकास बैंकमार्फत सञ्चालित हुनेछ।




दुई पक्षबीच 'प्रदेश नं २ ग्रामीण विद्युतीकरण आयोजना' नामकरण गरिएको उक्त योजना कार्यान्वयनका लागि करीब ४ अर्ब रुपैयाँको ठेक्का सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

प्राधिकरणले गरेको अन्तर्राष्ट्रिय टेन्डरमा टाटा प्रोजेक्ट, भारतले ठेक्का पाएको हो। प्राधिकरणको आयोजना उपकरणहरूसहितका ३३/११ केभी, १६.६ एमभिए क्षमताका ८ वटा सबस्टेशनको निर्माण गरिनेछ। यसैगरी, ३३/११ केभी, ८ एमभिए क्षमताका दुईवटा सबस्टेशनको निर्माण गरिनेछ। उक्त सबस्टेशनको क्षमता १४८.८ एमभिए हुने प्राधिकरणले जनाएको छ।

प्राधिकरणका अनुसार आयोजना आयोजनाको निर्माण ठेक्का सम्झौता कार्यान्वयनमा आएको ३० महीनाभित्र सम्पन्न गर्नुपर्ने लक्ष्य छ। काम सम्पन्नपश्चात् प्रदेश नं २ को समग्र विद्युत् प्रसारण र वितरण प्रणालीमा सुधार आई हाल सञ्चालित तथा आगामी दिनमा खुल्ने उद्योगहरू र घरायसी ग्राहकहरूले पर्याप्त र विश्वसनीय विद्युत् प्रयोग गर्न पाउने आयोजनाका संयोजक बोधराज ढकालले बताएका छन्।

निर्धारित समयभन्दा पहिले नै सक्ने लक्ष्यका साथ काम अगाडि बढाइने टाटा प्रोजेक्टका आयोजना प्रमुख सन्दीप कुमारले प्रतिबद्धता जनाएका छन्। आयोजनाबाट प्रदेश नं २ का सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा काम हुनेछन्।

# पूर्वमन्त्री जोशीको जीवनरक्षाको लागि प्रार्थना

प्रस, परवानीपुर, ५ चैत/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य



प्रार्थना कार्यक्रममा नेकाका नेतालगायत। तस्वीरः सौजन्य

तथा पूर्वमन्त्री नवीन्द्रराज जोशीको जीवनरक्षाको लागि वीरगंजमा प्रार्थना गरिएको छ।

नेपाली काङ्ग्रेस पर्साले गहवामाई मन्दिरमा प्रार्थना गरेको छ भने गीता गजेन्द्रराज जोशी मावि सुखचैनामा पनि प्रार्थना गरिएको छ। गहवामाई मन्दिरमा नेका पर्साका नेता, कार्यकर्ताहरूले प्रार्थना गर्दै उनको जीवनरक्षा गर्न गहवामाईसँग कामना गरेका थिए भने गीता गजेन्द्रराज जोशी माविमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र विद्यार्थीहरूले कामना गरेका थिए।

करीब एक सातादेखि गम्भीर भएका जोशीको काठमाडौंको एउटा अस्पतालमा भेन्टिलेटरमा उपचार भइरहेको छ। केही सञ्चारमाध्यमले उनको मृत्यु भएको खबर प्रवाह गरेका थिए।

जोशीको परिवारले दान गरेको जग्गामा सुखचैना माविले भवन निर्माण गरेकोले उक्त विद्यालयले दाता परिवारको एक महत्त्वपूर्ण सदस्यको रूपमा रहेका जोशीको जीवनरक्षाको लागि प्रार्थना गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीतेन्द्रप्रसाद कुर्मीले बताए।




# हात्तीपाइले औषधि वितरणबारे गोष्ठी

प्रस, सिम्रौनगढ, ५ चैत/

हात्तीपाइले औषधि वितरण तथा




नगरस्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ।

सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा वडाध्यक्ष अरविन्द यादवको अध्यक्षतामा भएको कार्यक्रममा हात्तीपाइले रोगको जानकारी, पहिचान र राष्ट्रिय निवारणको लागि हालसम्मको अवस्थाबारे जानकारी गराइएको थियो।

यसैगरी, आम औषधिसेवन अभियान २०७७ को लागि योजना तर्जुमा र त्यसपछि हुने असरका बारेमा सहभागीहरूबीच छलफल भएको थियो। सिम्रौनगढ नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा लेखा अधिकृत सोमेन्द्र चौधरी, योजना अधिकृत जीतेन्द्र यादव, आयुर्वेद अस्पतालका संयोजक जयनारायणप्रसाद यादव, वडाध्यक्ष शङ्कर साह कानू, मन्जुर अन्सारी, कार्यपालिका सदस्य प्रकाश ठाकुरलगायत स्वास्थ्यकर्मीहरूको सहभागिता थियो। कार्यक्रममा स्वास्थ्यकर्मी राजेश्वरप्रसाद जैसवालले स्वागत र स्वास्थ्य चौकी सिम्रौनगढका संयोजक राजेन्द्रप्रसाद साहले सहजीकरण गरेका थिए।

कार्यक्रममा हात्तीपाइलेको बारेमा बाराका फोकल पर्सन शङ्करप्रसाद गुप्ता, स्वास्थ्य चौकी सिम्रौनगढका डा जीतेन्द्र यादव एवं स्वास्थ्यकर्मी राजेन्द्र साहले जानकारी गराएका थिए।

### घूससहित सिमरा....

मुचुल्का गरी सिफारिश पठाइ फुकुवा गर्ने प्रक्रिया मिलाइ फास्ट ट्र्याकबाट पास गराइदिने र उक्त काम गरिदिएबापत घूस मागेको सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिए। उनीहरूमाथि कानूनी कारबाहीका लागि प्रक्रिया बढाएको आयोगले जनाएको छ।

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुनसक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## खेलकूदको संसार

# नेपाल सुपर लिगको अक्सनमा १५८ खेलाडी

काठमाडौं, ५ चैत/रासस

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले आउँदो वर्ष वैशाखमा आयोजना हुने नेपाल सुपर लिग फूटबल (एनएसएल)का लागि अक्सनमा १५८ खेलाडीको नाम सार्वजनिक गरेको छ।

अक्सन शुक्रवार हुँदैछ। नेपाल स्पोर्ट्स एन्ड इभेन्ट म्यानेजमेन्टले एन्फाको प्राविधिक सहयोगमा उक्त प्रतियोगिता आयोजना गर्न लागेको हो। एन्फाले अक्सनका लागि आज ए, बी र सी श्रेणी गरी खेलाडीको नाम सार्वजनिक गरेको हो। अक्सनमा राष्ट्रिय टोलीको प्रशिक्षणमा रहेका 'ए' श्रेणीका ३५ खेलाडीलाई समेत सहभागी गराइने एन्फाले जनाएको छ। यस्तै, अक्सनमा ६५ 'बी' श्रेणीका तथा ५८ 'सी' श्रेणीका खेलाडी रहेका छन्।

एन्फाको प्राविधिक समितिले खेलाडीको सूची सार्वजनिक गरेको हो। आगामी वर्ष वैशाख ११ देखि २५ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने सुपर लिगमा सात फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्नेछन्। दुई सातासम्म सञ्चालन हुने सो प्रतियोगिता सिङ्गल राउन्ड रोबिन लिगका आधारमा सञ्चालन हुनेछ।

नाम सार्वजनिक गरे पनि खेलाडीको न्यूनतम पारिश्रमिक भने खुलाइएको छैन। एउटा टोलीमा बढीमा २० खेलाडी आबद्ध हुनेछन्। प्रत्येक टोलीले तीन विदेशी खेलाडी खेलाउन पाउनेछन् भने दुई स्थानीय खेलाडी अनिवार्य सहभागी गराउनुपर्नेछ। उक्त प्रतियोगितामा काठमाडौं रेजर्स एफसी, विराटनगर सिटी एफसी, ललितपुर सिटी एफसी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी एफसी र धनगढी एफसीले प्रतिस्पर्धा गर्ने एन्फाले जनाएको छ।

# मेशिनबाट लगाइएको हिउँदे बालीको अनुगमन

प्रस, परवानीपुर, ५ चैत/

पर्सा र बारामा मेशिनबाट लगाइएको हिउँदे बाली गहुँ, मकै र उखुको अनुगमन गरिएको छ।



कृषि औजार अनुसन्धान केन्द्र रानीघाट वीरगंजको आयोजनामा सरोकारवालाको टोलीले पर्साको बिजवनियामा लगाइएको गहुँखेती र बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको खेस्रोलमा लगाइएको मकै र उखु खेतीको अनुगमन गरेको कृषि औजार अनुसन्धान केन्द्र रानीघाटका प्रमुख इन्जिनीयर सचिनकुमार मिश्रले जानकारी दिए।

बिजवनियामा सातजना किसानले २७ बिघामा लगाएको गहुँबालीको अनुगमन गरिएको थियो भने जीतपुरसिमरा उपमनपा-११ खेस्रोलमा १० हेक्टर क्षेत्रफलमा लगाइएको मकैखेती र ८ बिघामा लगाइएको उखुखेतीको अवलोकन गरिएको थियो। आधुनिक युगमा मजदूरको अभाव भएपछि केन्द्रले आधुनिक प्रविधिको मेशिन विकसित गरेको छ, जसले गर्दा कम लागतमा बढी उत्पादन लिन सकिन्छ। सोही विषयमा विगत एक वर्षदेखि गरिएको अनुसन्धानमूलक खेतीको अनुगमन गरिएको हो।

अनुगमन टोलीमा केन्द्रका वैज्ञानिक तथा विशेषज्ञसहित कृषि अनुसन्धान निर्देशनालय प्रदेश २ परवानीपुरका निमित्त निर्देशक जङ्गबहादुर साह, कृषि ज्ञान केन्द्र पर्साका बागवानी अधिकृत श्यामकिशोर कुर्मी, कृषि ज्ञान केन्द्र बाराका कृषि अधिकृत गेनालाल मण्डल, पर्सा/बाराका १५/१५ गरी ३० जना किसान र सञ्चारकर्मीलगायतको सहभागिता थियो।

# किरानापसलमा छापामारी लाखौंको सामान बरामद

प्रस, वीरगंज, ५ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साले वीरगंज महानगर-५ अलखियामठस्थित एउटा किरानापसलको गोदाममा



तस्वीर सौजन्यः जिप्रका, पर्सा

छापामारी गरेर ठूलो परिमाणमा सामान बरामद गरेको छ।

राजा मित्तलको किरानापसलमा छापामारी गरिएको र करीब ५ लाख मूल्यबराबरको छोहडा, मरिच, ओखर, अलैंची बरामद गरिएको पर्सा प्रहरीका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले बताए। ३१ बोरा छोहडा, १३ बोरा मरिच, ११/११ बोरा ओखर/अलैंची बरामद भएको र सोको बजार मूल्य करीब ५ लाख पर्ने प्रवक्ता खनालले बताए।

प्रहरीको छापामारी हुँदा पसल सञ्चालक मित्तल फरार भएको र उनको खोजी भइरहेको प्रवक्ता खनालले जानकारी गराए।

यसैबीच, पर्सा प्रहरीले विभिन्न समयमा बरामद गरेको १० लाख मूल्यबराबरको भन्सार छलीका सामान वीरगंज भन्सार कार्यालय चलान गरेको छ।

जिल्ला प्रहरी कार्यालय, पर्सा अन्तर्गतका इनर्वा, भकुवा, छपकैया, श्रीसिया र इलाका प्रहरी कार्यालय नगवालगायतबाट बरामद गरेको खाद्यान्न, लत्ताकपडा गरी करीब १० लाख मूल्यबराबरको सामान वीरगंज भन्सार कार्यालय पठाइएको प्रवक्ता खनालले बताए।

### समन्वयविना विपत्....

सरकारले लिने गरेकोमा यस्ता जोखिमयुक्त ठाउँबाट उठेको राजस्वको आधा भाग जोखिमयुक्त क्षेत्रले पाउनुपर्ने दाबी गरे।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक सुशील पोखरेलले विपत् जोखिम न्यूनीकरणका लागि विभिन्न कार्यविधि तयार गरी विपत् जोखिमको आकलन, सोको न्यूनीकरण, विपत् आउनुपूर्व सोको जानकारीको लागि प्रविधिको विकासमा लगानी तथा तालीम केन्द्र स्थापनाका लागि स्रोत जुटाउनेलगायतका कार्ययोजनाहरू तयार पार्न लागिएको बताए।

प्राधिकरणका सहसचिव कृष्णहरि पुष्करले मानव अधिकार रक्षाको लागि पनि जलवायु परिवर्तनमा तीन तहका सरकार र चार तहका संयन्त्रबीच आपसी समन्वय गर्ने विषयमा कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा प्रदेश २ का मुख्य सचिव गोकर्णमणि दवाडी, प्रदेश २ का ८ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरूको सहभागिता थियो।